लेखापरीक्षण प्रतिवेदन

कटारी नगरपालिका, उदयपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कटारी नगरपालिका, उदयपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/577

मिति : २०८३-१-२९

श्रीमान् नगर प्रमुख ज्यू,

कटारी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, उदयपुर ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/577

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् प्रमुखज्यू ,

कटारी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय

उदयपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा यस पालिकाले वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोवार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको आय र व्ययतर्फ रु. १ अर्व ६५ करोड ४० लाख ८८ हजारको लेखापरीक्षणबाट रु.२ करोड ४१ लाख ४५ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.८८ लाख ८७ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.७ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४२ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २ लाख ९७ हजार गरी जम्मा रु.१ करोड ५२ लाख ७८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.५१करोड ७ लाख २८ हजार मध्ये रु.५ करोड ६४ लाख ५९ हजार फस्यौंट तथा ९८ हजार सम्परीक्षणबाट थप भई यसवर्षको समेतहालसम्म अद्यावधिक बेरुजू रु.४६ करोड ९६ लाख ४५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७८	६६	२,४१,६५,९६९	०	४२	८८,८७,८२५	०	७८	२४	१,५२,७८,१४४	७,२३,३९३	१,०२,९७,९३७	४२,५६,८१४	०	०	१,४५,५४,७५१	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
उदयपुर	५१,०७,२८,५४७	०	५,६४,५९,५९३	४५४२६८९५४	९८०१०	१,५२,७८,१४४	४६९६४५१००

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको				
१	२०८१/८२	78.4	स्वास्थ्यतर्फ	८,५०,५००
२	२०८१/८२	58.1	संघीय समपुरक अनुदान	२०,२४,३२०
३	२०८१/८२	77.7	शिक्षा तर्फ	२२,७७,५९९
४	२०८१/८२	57	लागत सहभागिता	१४,०४,६०४
५	२०८१/८२	61	मर्मत संम्भार कोष कट्टी	१,४२,०००
६	२०८१/८२	53	बोलपत्र खोलेको बैठक भत्ता	५,१००
७	२०८१/८२	84	प्रमाण पेश गर्नुपर्ने	२२,०००

८	२०८१/८२	52	पदाधिकारीलाई थप इन्धन सुविधा	३,०५,१७५
९	२०८१/८२	45	धरौटी सदरस्याहा	६,८७,८४३
१०	२०८१/८२	75	ट्रान्सफरमर खरिद	९,८९,४२८
११	२०८१/८२	54.1	कटारी बजार सडक कालोपत्रे	१,७९,२५६
			जम्मा	**८८,८७,८२५**
गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण				
१२	२०८०/८१	६१	शीर्षक फरक पारी खर्च	६,६७,०००
१३	२०८०/८१	७६	बढी भुक्तानी	५,०००
१४	२०८०/८१	६७	दोहोरो भुक्तानी	५,९६,९७०
१५	२०८०/८१	६६	खेलकुद क्लव दर्ता नभएको	१८,६३,१६५
१६	२०८०/८१	४०	कार्य पुर्व भुक्तानी	१,००,०००
१७	२०८०/८१	८५.१	अस्पताल आय व्यय	२,५५,७४०
१८	२०७९/८०	५२	फरक नर्म्सको प्रयोग	२,०२,८३०
१९	२०७९/८०	७८	नाफामूलक संस्थालाई अनुदान	५,००,०००
२०	२०७९/८०	७३	दोहोरो सुविधा	९,९६,०००
२१	२०७९/८०	४१	त्रिवेणी मेलामा आय छुट	८४,८८६
२२	२०७९/८०	८८	च्याङ्गा रिङ्गरोड थप कार्य	२,८६,५४७
२३	२०७९/८०	१६	गत वर्षको भुक्तानी	१,९५,२५,८३०
२४	२०७९/८०	२९	कर्मचारी तथा व्यक्तिगत पेश्की	३५,२६,२००
२५	२०७९/८०	१२१	एम्बुलेन्स सञ्चालन समिति	३,६३,७५०
२६	२०७९/८०	८४	अनुदानबाट शिक्षक तलब	६४,५६,९९८
२७	२०७८/७९	२०	व्यक्तिगत पेश्की	१,००,०००
२८	२०७८/७९	३६	महँगी भत्ता	१,६८,०००
२९	२०७८/७९	६६	उपभोक्ता समितिमार्फत खरिद	२४,३०,६६४
३०	२०७७/७८	७१.३	भ्रमण तथा अनुगमन भत्ता	१२,३१०
३१	२०७७/७८	९३	पुँजीगत बजेटबाट चालु खर्च भुक्तानी	३४,६६,८७५
३२	२०७७/७८	३१	पदाधिकारी सुविधा	७,४०,०००

३३	२०७७/७८	७४	नाफामुलक संस्थालाई अनुदान	३,८९,११५
३४	२०७७/७८	५२	जटिल प्राविधिक पक्षका काम उपभोक्ता समितिबाट गरेको	३५,३९,२८६
३५	२०७७/७८	४७	कर दाखिला नभएको	१४,९४४
३६	२०७७/७८	५३	उपभोक्ता समितिलाई दिएको काम निर्माण व्यवसायीबाट गराएको	१,०२,६५,४९३
जम्मा				**५६५५७६०३**
कुल जम्मा				६,५४,४५,४२८

कटारी नगरपालिका, उदयपुर

(८०११९४०१३००)

कटारी नगरपालिका , उदयपुर

परिचय

१ **१**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ४२४.८९ वर्ग किलोमिटर तथा ५९५०७ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।१७ देखि २०८२।८।२८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय र व्ययतर्फ गरी कुल रु. १ अर्ब ६५ करोड ४० लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५,८१,३७१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	घटि राजश्व दाखिला	१४५२५
२	बढी भुक्तानी असुली	३०८२४
३	राजश्व असुली	३६२५००
४	निजी विद्यालय नविकरण शुल्क	४७०००
५	छात्रवृत्ति बढि निकासा	३४८००
६	विद्यालयको अग्रिम कर दाखिला	२८४२६
७	बढि तलब निकासा	२५३९६
८	प्रविधि हस्तान्तरणमा लागत सहभागिता	२८०००
९	पारिश्रमिक कर	९९००
	जम्मा	५८१३७१

४ एकीकृत वित्तीय प्रतिवेदन

एकीकृत वित्तीय प्रतिवेदन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ:

आयव्यय विवरण					
आ.व २०८१।८२					
सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	३४६१०१७९.९४	१	**चालुखर्च**	५९५९५०३७६.५३
	क)संचित कोष	१२७३९९०३.७१	२	**पूँजीगतखर्च**	२११४९२९००.२८
	ख)धरौटी खाता	९०२७२४२	३	**वित्तियव्यवस्था भुक्तानी**	०
	ग)विविध खर्च खाता	३६५१६३७.८७		क)ऋण भुक्तानी	०
	घ)प्रकोप व्यावस्थापन कोष	१८७७६९८.३६		ख)ब्याज भुक्तानी	०
	ङ)लैंगिक हिंसा निवारण कोष	३७३०००			
	च) विविध कोष खाता	६९४०६९८			
२	**राजस्व (आन्तरिक आय)**	२४१२३००८६.८७	४	**लगानी**	०
	क)आन्तरिक राजस्व	२५६४०५७४.६६		ऋणलगानी	०
	ख)स्थानीय राजश्व बाँडफाँड	२३८६८७८८.८२		शेयरलगानी	०
	ख)संघीय राजस्व बाँडफाँड	१६८२४८६४२.६३		अन्यलगानी	०
	ग)प्रदेश सवारीसाधन कर	२३४७२०८०.७६			
	घ)अन्य आय जिल्ला समन्वय समिति		५	**विभिन्नकोषतर्फको खर्च**	२४४३१९३९.९
३	**वित्तियहस्तान्तरण संघ**	५१७१४७४९३.०९		क)विविध खर्च खाता/ कोष	१४७९७८३५.
	क)वित्तिय समानीकरण अनुदान	१००८४४२४०		ख)प्रकोप व्यावस्थापन कोष	१४०३४०९
	ख)सशर्त अनुदान	३९४६०७६४०.०९		ग)धरौटी फिर्ता	१४८९४६७
	ग)समपूरक अनुदान	९६९५६१३	६	**च)लैंगिकहिंसा निवारण कोष**	१४९०००
	घ)विशेष अनुदान	१२००००००		विविधखर्च कोष	६५९२२२९
				जनश्रमदानफिर्ता	
४	**प्रदेशसरकारबाट प्राप्त अनुदान**	४२५९०००१	७	**अनुदानफिर्ता**	०
	क)वित्तिय समानीकरण अनुदान	६६१६०००		क)संघीय सरकार तर्फ फिर्ता	०
	ख)सशर्त अनुदान	२६५२०९८६		ख)प्रदेश सरकार तर्फ फिर्ता	०
	ग)समपुरक अनुदान	९४५३०१५	८	**मौज्दात**	२३८९७८२०.८५
	घ)विशेष अनुदान	०		क)सञ्चित कोष खाता	६२६४२०७.८६
५	**अन्तरस्थानीय तहबाट प्राप्त**	२५५५२१४६०.४९		ख)चालु खर्च खाता	०

	कसामाजिक सुरक्षा तथा संरक्षण	२४०४७९२००.४९		ग)पुजिगत खर्च खाता	०
	ख)घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र	९९८०००		घ)धरौटी खाता	११५०१२७७.६८
	ग) स्वस्थ्य क्षेत्र सुधार कार्यक्रम	१४०४४२६०		ङ)प्रकोप व्यावस्थापन कोष	६७४२८९.३६
६	**अन्य**	०		च)विविध खर्च खाता/ कोष	३३०६७०३.८५
	क)क्षेत्रीय शहरी विकास योजना	०		छ)आकस्मिक कोष खाता	१००७८६
	ख)सडक बोर्ड नेपाल	०		च)लैंगिकहिंसा निवारण कोष	४२४०००
	ग)पर्यटन बोर्ड नेपाल	०		विविधकोष खाता	१६२६५५६.१
	घ)एन एन एस डब्लु ए	०	९	**जनश्रमदानमौज्दात**	०
७	**विभिन्नकोषतर्फको आय**	२०१९५२७६.६६	१०	**अन्तरस्थानीय तहबाट प्राप्त रकम खर्च**	२५५५२१४६०.४९
	क)विविध खर्च खाता/ कोष	१४४५२९०१		कसामाजिक सुरक्षा तथा संरक्षण	२४०४७९२००.४९
	ख)प्रकोप व्यावस्थापन कोष	२०००००		ख)घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र	९९८०००
	ग) धरौटी आय	३९६३५०२.६६		ग) स्वस्थ्य क्षेत्र सुधार कार्यक्रम	१४०४४२६०
	घ)आकस्मिक कोष खाता	१००७८६			
	ङ)लैंगिक हिंसा निवारण कोष	२०००००			
	विविधकोष खाता	१२७८०८७			
८	**विषयगतनिकायबाट प्राप्त**	०			
९	**जनसहभागिता (नगद)**	०			
१०	**लगानीकोसाँवा फिर्ता**	०			
११	**अन्यविविध आय**	०			
	जम्मा	१११९२९४४९८.०५		जम्मा	१११९२९४४९८.०५

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता –**

यस कटारी नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (मलेपफानं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २४०४७९२००।४९ घरेलु तथा साना उद्योग प्रवर्दन केन्द्रतर्फ रु ९९८००० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.

१४०४४२६० र लैङ्गिक हिंसा निवारण कोषतर्फ रु. ५,७३,००० समेत रू. २४०५३६५००.४९ सुत्रमा लेखाङ्कन नगरेकोले वित्तीय वितरणले पालिकाले समग्र कारोबारको सही र यथार्थ चित्रण गरेको छैन।

४ **बैङ्क हिसाव विवरण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७०) को टिप्पणी ६.३ तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले तयार गरेको बैंक हिसाव विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

संकेत	कोष खाता	श्रेष्ता अनुसार मौज्दात रकम	बैंक अनुसार मौज्दात रकम
ग १.१	आन्तरिक राजस्व खाता	०	०
ग १.२	बाँडफाँडबाट प्राप्तराजस्व खाता	०	०
ग १.३	आन्तरिक अनुदान खाता	०	०
ग ६.१	स्थानीय तह विभाज्यकोष खाता	०	०
ग ४.१	स्थानीय तह सञ्चित कोषखाता	६२६४२०७.८६	६२६४२०७.८६
ग ३.१	स्धानीय तह धरौटी खाता	११५०१२७७.६८	११५०१२७७.६८
ग २.१	चालू खर्च खाता- विजोरवर्ष	०	०
ग २.२	चालू खर्च खाता- जोरवर्ष	०	०
ग २.३	पूँजिगत खर्च खाता-विजोर वर्ष	०	०
ग २.४	पुँजीगत खर्च खाता-जोर वर्ष	०	०
ग २.७	विविध खर्च खाता	३३०६७०३.८५	३३०६७०३.८५
ग ५.१	स्थानीय तह विविध कोषखाता	१६२६५५६.१	१६२६५५६.१
ग ७.१	स्थानीय तह आकस्मिककोष खाता	१००७८६	१००७८६
ग ७.२	स्थानीय तह प्रकोपव्यवस्थापन कोष खाता	६७४२८९.३६	६७४२८९.३६
जम्मा		२३४७३८२०.८५	२३४७३८२०.८५

लैङ्गिक हिंसा निवारण कोषमा रहेको रू. ४,२४,००० एकीकृत वित्तीय विवरणमा समावेश भएको तर सुत्रमा समावेश नभएको एवं कर्मचारी अवकाश कोषमा मौज्दात रहेको रू. २४४८९५१ बैंक मौज्दात पनि पेश नभएको र सुत्रमा समेत समावेश भएको पाईएन । ति शीर्षकहरुको रकमको बैंक मौज्दात पेश गर्दै सुत्र मार्फत कारोवार हुने व्यवस्था हुनु पर्दछ ।

५ **फरक जिम्मेवारी-**

नगरपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.३४२३७११९.९२ मौज्दात रहेको देखिन्छ । यस बर्ष रु.३४६१०१७९.९२ जिम्मेवारी सार्दा रु.३७३०६० फरक परेको देखिएको छ। फरक पर्नुको कारण पहिचान गरी हिसाब मिलान गर्नुपर्दछ ।

६ **सशर्त अनुदान फिर्ता-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस संघीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपूरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित संघीय तथा प्रदेश कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त अनुदानको रकमको विवरण र यो वर्ष खर्च नभई बाँकी रहेको रकम असार मसान्तमा फिर्ताको अवस्था देहायबमोजिम देखिन्छ:

क्र.सं.	**स्रोत**	**प्राप्त रकम**	**खर्च**	**अनुदान फिर्ता**
	संघिय तर्फ			
२	शसर्त अनुदान चालु	४०६८८०७५०	४०६८८०७५०	२८१०८७९०.९१
३	शसर्त अनुदान पुँजीगत	१६४०८९५०	१६४०८९५०	५७३२६९
४	विषेश अनुदान पुँजीगत	१२०००००००	१२०००००००	
५	समपुरक अनुदान पुँजीगत	११००००००	११००००००	१३०४३८७
	कोशी प्रदेश तर्फ			
७	शसर्त अनुदान चालु	७३०६०००	७३०६०००	१६६१६
८	शसर्त अनुदान पुँजीगत	२०३९००००	२०३९००००	११५८३९८
९	समपुरक अनुदान पुँजीगत	१३००००००	१३००००००	३५४६९८५
जम्मा		**४८६९८५७००**	**४८६९८५७००**	**३४७०८४४५.९१**

७ **कोषको अवस्था-**

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ६९ मा सञ्चित कोष र दफा ७० मा आकस्मिक कोषको व्यवस्था छ। सो बाहेक अन्य कोषको व्यवस्था छैन। पालिकाले देहाय बमोजिमका विभिन्न कोषहरु स्थापना गरी पालिकाबाट बजेट विनियोजन गरी रकम थप गर्ने गरेको देखिन्छ।

संकेत	**कोष हिसाबको नाम**	**शुरु मौज्दात**	**प्राप्ति**	**भुक्तानी**	**बाँकी**
ग ३.१	स्थानीयतह धरौटी खाता	९०२७२४२	३९६३५०२.६८	१४८९४६७	११५०१२७८
ग २.७	विविधखर्च खाता	३६५१६३७.८७	१४४५२९०१	१४७९७८३५	३३०६७०४
ग ५.१	स्थानीयतह विविध कोष खाता	६९४०६९८	१२७८०८७	६५९२२२८.९	१६२६५५६
ग ७.१	स्थानीयतह आकस्मिक कोष खाता	०	१००७८६	०	१००७८६
ग ७.२	स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	१८७७६९८.३६	२०००००	१४०३४०९	६७४२८९
जम्मा		**२१४९७२७६.२३**	**१९९९५२७६.६८**	**२४२८२९३९.९**	**१७२०९६१३.०१**

यसरी पालिकाले वार्षिक सो कोषबाट हुने खर्च तथा आवश्यकतालाई समेत ध्यान नदिई यस्ता कोषमा रकम दाखिला गरी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८ **त्रैमासिक पूँजीगत खर्च** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार आ.ब. २०८१/८२ को त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

क्र.स	**बजेट उपशिर्षक**	**कुल खर्च**	**चौमासिक खर्च**				
			प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेश्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	**आषाढ म**
१	पूँजिगत खर्चतर्फ	२११४९२९००.२८	०	४०७४०५३१	५५०२१०९७	११५७३१२७२.२८	७०३०९
	प्रतिशत	१००	०	१९.२६	२६.०२	५४.७२	३३.२४

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.२१ करोड १४ लाख ९२ हजार ९०० खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च भएको देखिएन भने दोस्रो त्रैमासिकमा रु.४ करोड ७ लाख ४० हजार ५३१ (१९.२६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५करोड ५० लाख २१ हजार ९७ (२६.०२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड ५७ लाख ३१ हजार २७२ (५४.७२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७ करोड ३ लाख ९ हजार १३४ (३३.२४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ **योजनाको प्राथमिकीकरण** –

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७८ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १४ वडाको लागि भौतिक पूर्वाधारमा ४८० योजनामा वजेट विनियोजन गरेको छ:

रु. १ लाख सम्म		**रु. १ लाख देखि २ लाख सम्म**		**रु. २ लाख देखि ५ लाख सम्म**		**रु. ५ लाख देखि १० लाख सम्मका**		**रु. १० ला बढीको**	
संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
१००	८६६५०६७	१२०	२११०३३९३	१५६	५६७७६२७१	६७	५३१३८१८२	३७	९७८

माथिको तालिका अनुसार रु. ५ लाख भन्दा घटीका योजना संख्या ३७६ अर्थात कुल संख्याको ७८ प्रतिशत रहेका छन् भने रु. ५ लाख भन्दा माथिका योजना संख्या १०४ अर्थात कुल संख्यामा २२ प्रतिशत मात्र रहेका छन्। टुक्रे र साना योजनाको संख्या अधिक देखिन्छ। गरिबी निवारण, उत्पादनमूलक, रोजगारी सृजना गर्ने र जनसहभागिता प्रर्वधन गर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्नुपर्दछ।

१० **बजेट अवण्डा** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. १,०३,११,९२९ अबण्डा बजेट व्यवस्था गरी २०१ कार्यक्रममा खेलुकद कार्यक्रममा सभाबाट अनुमोदन बाहेक

अन्य कार्यक्रममा समय समयमा छुट्टै निर्णय तथा तोकआदेशबाट गरी रु.१,०२,२३,२२४ खर्च गरेको छ । बजेट अबण्डामा राखी पटक पटकको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । यसरी ठूलो मात्रामा बजेट अबण्डामा राखी खर्च गर्ने गरेको देखियो। पालिकाले यसरी गरेको खर्चको विवरण देहायवमोजिम छः

क्र.स.	**कार्यक्रम**	**विनीयोजन भएको**	**खर्च भएको**	**कार्यक्रम संख्या**
१	जनतासँग मेयरकार्यक्रम	२४०००००.००	२३६८४४४.००	३३
२	जनतासँग उपमेयरकार्यक्रम	८६६०००.	८२१४७८.	१३
३	खेलकुद	११५००००.	११४९८६५.	२७
४	विविध कार्यक्रम खर्च	८०८०५५	७९६९९३	१७
५	विविध खर्च	५०८७८७४	५०८६४४४	१११
जम्मा		**१०३११९२९.००**	**१०२२३२२४.००**	**२०१**

अवण्डा बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारिण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

क्र.सं.	**क्षेत्र/ उपक्षेत्र**	**विनियोजन**	**खर्च**	**खर्च प्रतिशत**	**मौज्दात**
१	आर्थिक विकास	७७७०६९९२	६९०८६४९८.२८	८.५६	८६२०४९३.७२
२	सामाजिक विकास	५३२३७७३७२	४८७०६३३०१.२५	६०.३२	४५३१४०७०.७५
३	पूर्वाधार विकास	११७१३००४६	१०३१५३४७४	१२.७८	१३९७६५७२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२१७५८६६९	१७९०००५२.२	२.२२	३८५८६१६.८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१४२३३३२९५	१३०२३९९५१.०८	१६.१३	१२०९३३४३.९२
	जम्मा	८९१३०६३७४	८०७४४३२७७	१००	८३८६३०९७.१९

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६०.३२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.२२ प्रतिशत खर्च रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शिर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

१२ **आवाधिक योजना-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि प्रमुख प्रशासकिय अधिकृतले विषयगत शाखा र वडा समितिलाई क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बार्षिक खरिद योजना-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस आवमा रु. २१ करोड १४ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१५ **बजेट तथा कार्यक्रम कार्यान्वयन -**

पालिकाले प्रत्येक आर्थिक वर्षका लागि उप प्रमुखबाट बजेट प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष समयमा नै बजेट पारित गरेको देखिएपनि निम्न कार्यक्रम संचालन भएको देखिएन।

क्र.स.	कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम	विनियोजन	मौज्दात
१	शहरी स्वास्थ्य क्लिनिक भवननिर्माण, वडा नं. ६, लामिदुवाली	४०००००	४०००००
२	पट्नाभन्ज्याङ्गस्वास्थ्य चौकी मर्मत, निर्माण	५०००००	५०००००
३	मोटर र पाईप खरिदकार्यक्रम -उप मेयर	३५०००	३५०००
४	रिटर्नीहरुकोलागि प्रविधि खरिद -रेमि	३०००००	३०००००
५	पशुपति साव भवनजाने शाखा सडक निर्माण	२०००००	२०००००
६	माझिखानी कामबारीडासीबारी भोग्टेनी सडक नाला निर्माण	३०००००	३०००००
७	विपत व्यवस्थापनवडा नं १४	१००००००	१००००००
८	दलित सुकुम्वासीसंरक्षण	७०००००	७०००००
९	कालिखोला डयामनिर्माण	५०००००	५०००००
१०	मन्दिर ट्रसनिर्माण, गिद्धवर	७५०००	७५०००
११	कृषि सडकस्तरउन्नती मरुवा	३०००००	३०००००
१२	चिहान डाँडा जानेबाटो मर्मत	१०००००	१०००००
१३	वडाका सम्पुर्णटोल बस्नतीहरुमा इनार निर्माण	३०००००	३०००००
१४	वडास्तरियखानेपानी व्यवस्थापन (हात्तिखर्क सहित)	२९००००	२९००००
१५	नागदह जुगेखोलानयाँ सडक निर्माण	४५००००	४५००००
१६	झ्यारझ्यारे, सिद्धेश्वर, चन्द्रावती महाकाली मन्दिर व्यवस्थापन	५००००	५००००
१७	घुर्मी प्रतिमानिर्माण	१०००००	१०००००
१८	गिद्धबरकुलो	४००६००	४००६००
१९	विभिन्नफाँटहरुमा आवश्यक पर्ने सर्जिकल सामाग्रीहरु खरिद	२०००००	२०००००
२०	गिधबर कुलो	१४७०००	१४७०००
२१	गिधबर कुलो	३०००००	३०००००
	जम्मा	**६६४७६००**	**६६४७६००**

आवश्यकतामा आधारित भएर प्राथमिकता बमोजिम बजेट तथा नीति कार्यक्रम तयार गरी सो को कार्यान्वयनमा ध्यान दिनु पर्दछ ।

१६ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाका उपप्रमुख गीता कुमारी खड्काबाट मिति २०८१।०४।२७ गते रु ८६करोड ८१ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०४।२७ मा पारित भएको छ । यसैगरी नगरप्रमुखबाट मिति २०८१।०६।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ढिलागरी बजेट पेश र पारित तथा अख्तियारी दिएकाले ऐनले तोकेको अवधि भित्र बजेट पेश, पारित र अख्तियारी दिने व्यवस्था गर्नुपर्दछ।

१७ **मध्यकालिन संरचना र रकमान्तर -**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०८१ को दफा ५ (२) अनुसार विनीयोजन रकमको २५ प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा थपघट समेत हिउदे सभावाटको निर्णयबाट यस आ.ब.मा ९९ वटा कार्यक्रमलाई २०१ वटा कार्यक्रममा रु.४ करोड ७१ लाख ६१ हजार (५.४३ प्रतिशत) रकमान्तर गरेको छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । उल्लिखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

१८ **सम्भाव्यता अध्ययन/डी.पी.आर –**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१)(ख) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदनमा जम्मा रु.१९,२३,४४२ खर्च गरेको छ।

आ.व.२०८१/८२ को DPR विवरण		
कार्य विवरण	**परामर्शदाता**	**खर्च रकम**
Preparation of Detailed Design, Drawings and Estimate of Katari Municipality Staff Quarter DPR	एटिम ईन्जिनियरिङ सर्भिसेज प्रा .लि .	४९१५५०
Detailed Survey, Design, Drawings Report Preparation of Katari Bazar Bhitri Sadak South of Tribeni School	भ्याली इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि	९६०५०
Detailed Engineering Survey, Cost Estimate, Soil Investigation of Rugby Stadium at Katari Municipality	ए फाईभ इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन	९७१८००
Preparation Of Detailed Project Report of Gadikot View point Katari-7 DPR	ग्रेनाइट कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट	३६४०४२
जम्मा		**१९२३४४२**

यसरी खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता परामर्श सेवा खरिद तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

१९ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली जारी गरेको भएतापनी निम्न व्यहोराहरुको प्रभावकारी कार्यान्वयन भएको देखिएन:

वजेट व्यवस्थापनतर्फ :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन । दीगो विकासका लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार

गरेको छैन । स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृती गरेको छ तर सो व्यवस्था पूर्ण पालना गरेको छैन ।

खरिद व्यवस्थापनतर्फ - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत रुपमा तयार गरेको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वयन र उपयोग पृष्ठपोषणका लागि भएको छैन । स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन । उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएता पनि अनुगमन प्रतिवेदनबाट देखिएको बेहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन । स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापनतर्फ - विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

शिक्षातर्फ - स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन । कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन भएको छैन । शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन । संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन । संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

विविध तर्फ - मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छैन। म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक विकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन । स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।

पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन । पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन । सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दी बमोजिम पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ । वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन । पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यादेश दिई कार्यसम्पादन गराउनुपर्नेमा सो भएको छैन ।

सामाजिक सुरक्षातर्फ - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरुमध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्टा गरीएको बेहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ। सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोराहरुमा सुधार गर्दै पालिकाको सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र कार्यदक्ष बनाउनु पर्दछ।

२० **सेवा प्रावह-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११(२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध हुन सकेन।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
जन्मदर्ता	११८९	११८९
मृत्युदर्ता	३७७	३७७
बसाईसराई दर्ता	२५८	२५८
विवाह दर्ता	५३७	५३७
सम्बन्धविच्छेद दर्ता	५५	५५
	लक्ष्य कि मि	प्रगति कि मि
पूर्वाधार विकास सडक निर्माण	१५	१३.८०
कालोपत्रे सडक निर्माण	२	१.६०
कालोपत्रे सडक मर्मत	२	-
ग्राभेल सडक निर्माण	१०	८.९०
ग्राभेल सडक मर्मत	२०	१७

पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

२१ **आर्थिक सहायता –**

कटारी नगरपालिका आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७५ ले आर्थिक रुपमा विपन्न र दीर्घ रोगी, हिंसा पिडित बेचविखनमा परेका, पिडित बालबालिका, आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई आर्थिक सहायता तयार दिने व्यवस्था गरेको छ। नगरपालिकाले आर्थिक सहायता तथा राहत वितरण खर्च शिर्षकबाट कार्यविधीले तोके बमोजिम विभिन्न व्यक्तिलाई रु.२०००००० खर्च गरेको छ।नगरपालिकाले आर्थिक सहायता खर्चमा उच्च मितव्ययिता कायम राख्दै कार्यविधिले समेटेको क्षेत्रमा मात्र आवश्यकताका आधारमा खर्च गर्नु पर्दछ। साथै आर्थिक सहायता पाउनेको नाम नामेसी सहितको विवरण वेभसाइटमा सार्वजनिक गर्नुपर्दछ।

कूल आन्तरिक आय	आर्थिक सहायता	आर्थिक सहायता प्राप्त गर्नेको	
		संख्या	रकम
२५६४०५७४	२००००००	१०४ जना	२००००००

२२ **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले देहायबमोजिम १२ वटा ऐन, ४ वटा नियमावली ५९ कार्यविधि ८ निर्देशिका मापदण्ड जम्मा ८७ वटा कानुन निर्माण गरेको छ।

विवरण	ऐन	नियमावली	कार्यविधि	निर्देशिका	नर्म्स/ मापदण्ड	जम्मा
हालसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि	१२	४	५९	८	४	८७

२३ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिमा गत आ.ब.को ९ सहित कुल ५० विवाद दर्ता भएकोमा ४६ वटा मुद्दाको समाधान भएको र ४ वटा मुद्दा वाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सि नं	उजुरीका प्रकार	गत बर्षको बाँकी	यस बर्षको थप	जम्मा	यो बर्षको फछ्यौट	फछ्यौंट हुन बाँकी	समयमै फछ्यौट नहुनुको कारण
१	पारीश्रमिक तथा ज्याला मजदुरी	२	०	२	२	०	न्यायिक समितिमा निवेदन दर्ता भएर दुवै पक्षउपस्थित भएको मितिले ९० दिन भित्र फछ्यौट गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ को ४ बमोजिमभएकाले सो अवधि भित्र रहेका मुद्दा यस अर्थिक बर्षमा सरि अएका हुन ।
२	जग्गा सम्बन्धि	१	९	१०	९	१	
३	ईजत अमद अनुसार खान लगाउन नदिएको	०	६	६	५	१	
४	घर, भाडा असुल तथा घर खालि गरीदीने	२	०	२	२	०	
५	सहकारी सम्बन्धी बचत फिर्ता	०	३	३	३	०	
६	लेनदेन	३	१०	१३	११	२	
७	अंश विवाद सम्बन्धमा	१	५	६	६	०	
८	सम्बन्ध विच्छेद सम्बन्धि	०	२	२	२	०	
९	सार्वजनिक बाटो सम्बन्धि	०	२	२	२	०	
१०	बाली नोक्सानी सम्बन्धि	०	१	१	१	०	
११	सामाग्री खरी सम्बन्धि	०	१	१	१	०	
१२	जग्गाको हक सम्त्बन्धि	०	१	१	१	०	

१३	खोल्सीको धार परिवर्तन गरेको सम्बन्धी	०	१	१	१	०	
जम्मा		९	४१	५०	४६	४	

२४ **चालु/प्रशासनिक खर्च-**

नेपाल सरकारको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :

क्र.सं.	**खर्च शिर्षक**	**२०८१/८२**		**२०८०/८१**		**२०७९/८०**	
		विनियोजन	**खर्च**	**विनियोजन**	**खर्च**	**विनियोजन**	**खर्च**
१	विविधखर्च	५०१७८७४	५०१७८७४	५४०००००	५३९२७५९	४५०००००	४४८८
२	इन्धनखर्च	४३०००००	४१८४८६२	६३०००००	५४३१८०५	५००००००	४९९३
३	सवारीसाधन मर्मत खर्च	२७४३५६९	२६३८५५४	२५०००००	२३५२९७९	३५०००००	२७८५
४	बैठकभत्ता	३५०००००	१४८९५१०	३००००००	२९९७२४८	३५०००००	२४३३
५	पत्रपत्रिकाछपाई तथा सूचना प्रकाशन खर्च	१०१९२००	१०१९२००	१५०००००	१२६९३५०	१५०००००	१४९६
६	भ्रमणखर्च	१०६००००	१०१२८५०	१८०००००	१६३०१९४	१५०००००	१२६३
७	मसलन्दतथा कार्यालय समाग्री खर्च	६६५८७०३	६५५८०००	५३९९५००	५३८५९९५	५००००००	३४४५
	जम्मा	**२४२९९३४६**	**२१९२०८५०**	**२५८९९५००**	**२४४६०३३०**	**२४५०००००**	**२०९०**



पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शीर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पुँजीगत खर्च शीर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शीर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरी लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ।

२५ **पदाधिकारी सुविधा –**

गाँउ तथा नगरपालिकाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले कोशी प्रदेशका पालिकाका पदाधिकारी सुविधा सम्बन्धी व्यवस्था गरेको छ । नगरपालिकाले यस आर्थिक वर्षमा पदाधिकारीको सेवा सुविधामा रू. १ करोड १७ लाख १३ हजार ५०० खर्च गरेको देखिन्छ जुन पालिकाको आन्तरिक आय रू. २ करोड ५६ लाख ४० हजार ५७४.६६ को ४५.६८ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनुपर्दछ।

सि.नं	विवरण	प्रमुख	उप प्रमुख	वडा अध्यक्ष १४जना	कार्यपालिका सदस्य	सभाका सदस्य ४८जना	जम्मा ७२जना
१	अनुगमनभत्ता	१३२०००	१३२०००	७५६०००	१९२०००	०	१२१२०००
२	यातायातखर्च	०	०	५५३५००	२४००००	१४४००००	२२३३५००
३	टेलिफोन /संचार	४८०००	४८०००	४२००००	१४४०००	८६४०००	१५२४०००
४	पुस्तकपत्रपत्रिका	२४०००	२४०००	३३६०००	९६०००	५७६०००	१०५६०००
५	समन्वयतथा सहजीकरण/ खाजा खर्च	६६०००	६६०००	५८८०००	१४४०००	८६४०००	१७२८०००
६	अतिथिसत्कार	१२००००	७२०००	८४००००	२४००००	१४४००००	२७१२०००
७	खानेपानी/ बिजुली	४२०००	३००००	१६८०००	९६०००	५७६०००	९१२०००
८	सरसफाई	३६०००	३६०००	१६८०००	९६०००	०	३३६०००
१०	चाडपर्वखर्च	०	०	०	०	०	०
	जम्मा	**४६८०००**	**४०८०००**	**३८२९५००**	**१२४८०००**	**५७६००००**	**११७१३५००**

२६ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८, कोशी प्रदेश निजामती सेवा ऐन, २०८१ तथा कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले शिक्षकको तलवी प्रतिवेदन पास गराई खर्च लेखेको छ भने तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य र पालिकाका तर्फका कर्मचारीको समेत रु.६ करोड २१ लाख ३८ हजार ६५५ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **करार सेवा** –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार,सरसफाई, टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम गरी पालिकाले यो वर्ष कम्प्युटर अधिकृत, ईन्जिनियर, नायब सुब्बा लगाएतका पदमा कर्मचारी करारमा नियुक्ति गरी करार सेवा शुल्कमा छुट्टै शिर्षकबाट खर्च नगरी कर्मचारीको तलवभत्ता शिर्षकमा एकमुष्ट विनीयोजन गरी रु.६ करोड २१ लाख ३८ हजार ६५५ खर्च गरेको छ । पालिकाका लागि आवश्यक जनशक्ति सम्बन्धमा लोक सेवा आयोगमा माग पठाएको जानकारी दिएतापनि करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । पालिकाको सेवा प्रवाहलाई आवश्यक जनशक्तिको यकिन गरी आवश्यकता र औचित्यका आधारमा करार सेवालाई व्यवस्थीत बनाउनु पर्दछ ।

कटारीनगरपालिका, कटारीमा सेवा करारमा लिएको विवरण					
क्र.सं.	**पद/ तह**	**हालको संख्या**	**नगरपालिकाको संगठन संरचना बमोजिमको संख्या**	**मन्त्रालयबाट प्राप्त दरबन्दी संख्या**	**कैफियत**
१	सूचनाप्रविधि अधिकृत	१	१	०	
२	रोजगारसंयोजक	१	०	०	
३	कृषि छैटौ	१	१	१	
४	ना.प्रा.स.कृषि	३	७	३	
५	ना.प.स्वा, पशु	२	७	४	
६	सा.म.कार्यकर्ता	८	०	०	
७	रिटर्नीस्वयंमसेवक	३	०	०	
८	हे.अ.	०	०	०	
९	स्टार्फनर्स	०	०	०	
१०	अप्थाल्मिकअसिष्टेन्ट	०	०	०	
११	सब-इन्जिनियर	१	८	८	
१२	अ.स.ई	१	६	८	
१४	अ.हे.व/ हे.ई.	२	२५	२८	
१५	अ.न.मी	१४	८	०	
१६	सहायककम्प्युटर अपरेटर	४	१	१	
१८	ल्याबअसिष्टेन्ट	३	०	०	आधारभुत हस्पिटल
२०	प्राविधिकसहायक,कृषि	२	०	०	ovop
२१	ना.प.स्वा.प्रा.,पशु	२	०	०	ovop
२२	अपाङ्गता सहायता सहजकर्ता	१	०	०	कार्यक्रम
२३	पोषणस्वयमेवक	१	०	०	कार्यक्रम
२४	महिलासुरक्षाबास इन्जार्च	१	०	०	कार्यक्रम
२५	मनोसामाजिक	१	०	०	कार्यक्रम
२७	उद्यमविकास सहजकर्ता	२	०	०	कार्यक्रम
२८	ब्याकह लोडर अपरेटर	०	०	०	
२९	हेभी सवारीचालक, अग्नी	१	३	०	
३०	हल्कासवारी चालक	४	४	०	

३१	सामुदायिकमाआधारित पुन सहजकर्ता	३	०	०	कार्यक्रम
३२	सामाजिकपरिचालक	७	०	०	कार्यक्रम
३३	भूमी सेवासंयोजक	१	०	०	
३४	सहजकर्ता	२	०	०	कार्यक्रम
३५	एम आई एसअपरेटर	१	०	०	कार्यक्रम
३६	फिल्डसहायक	१	०	०	कार्यक्रम
३७	नगर प्रहरी	६	९	०	
३८	का सआयुर्वेद शाखा	२	४	२	
३९	का.स., प्रशासन	७	२२	०	
४०	का.स., स्वास्थ्य	४	१४	०	
जम्मा		९३	१२०	५५	

२८ **कर्मचारी व्यवस्थापन -**

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचना अनुसारको १२६ जना दरबन्दी रहेको छ।जसमा नगरपालिकाका लागि ४२, वडाका लागि २८ , स्वास्थ्य संस्थाका लागि ५६ जना रहेको देखिन्छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९८ जना कार्यरत रहेको देखिन्छ भने पदपूर्ती मध्ये ८९ जना कर्मचारीहरू करारमा पदपूर्ती गरेको छ भने आन्तरिक लेखापरीक्षक १ र प्रशासन पाचौ र सातौ १/१ जना कर्मचारी आ.ब. ०८१/८२ मा स्थायी पदपुर्तिका लागि माग गरिएकोमा माग बमोजिमको पदपूर्ति हुने क्रममा रहेको देखिन्छ ।पालिकाले यस आ.ब.२०८०/८१ मा मात्र व्यवस्थापन सर्वेक्षण गरी विभिन्न सेवा/समुहमा(स्वास्थ्य सेवामा समेत) गरी कुल २५३ पद कायम गरेको र सो पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कोशी प्रदेशमा मिति २०८२ श्रावण १२ मा पठाएकोमा दर्ताको प्रक्रियामा रहेको पालिकाले जनाएको छ । दरवन्दी संख्या र पद मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२९ **अवकाश कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थपगरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आ.ब.मा रु. ३० लाख विनियोजन गरेकोमा सो रकम अवकाश कोषमा जम्मा नगरी रु.४ लाख २६ हजार ७२० मात्र सोझै खर्च गरेको देखियो । बर्षान्तमा उक्त अवकाश कल्याण कोषमा रु. २४ लाख ४८ हजार ९५१ मौज्दात रहेको देखिएको छ। साथै अवकाश कोष सञ्चालन सम्बन्धमा कार्यविधि समेत तयार भएको पाईएन। तसर्थ कार्यविधि तयार गरी भविष्यमा कर्मचारी दायित्व बहन गर्न सक्ने गरी कोषको व्यवस्था गर्नुपर्दछ।

३० **ठेक्का व्यवस्था -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले खुला वोलपत्रका माध्यामबाट समेत निर्माण कार्य गर्ने गरेको छ। यस्ता योजना लागत अनुमान भन्दा आधा रकम घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही

गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

३१ **जिन्सी व्यवस्थापन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र नियम १०६ मा लिलाम गर्नुपर्ने सामान १ महिना भित्र लिलाम विक्रीको प्रकृया सुरू गर्नुपर्दछ व्यवस्था छ । पालिकाबाट तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा ।स्टिल टेबल ६ थान, स्टिल दराज १३ थान लगायतका सामाग्री प्रयोगमा नरहेकोले भनि उल्लेख छ तर नियमावलीमा व्यवस्था भए बमोजिम प्रयोगमा नरहेको मालसामान मर्मत वा लिलाम प्रक्रिया अगाडि बढाएको देखिएन । ऐन, नियमावलीमा व्यवस्था भएबमोजिम मर्मत वा लिलाम गर्नु पर्दछ।

३२ **PAMS प्रणाली अध्यावधिक-**

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।पालिकाबाट तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा सहायक जिन्सी खातामा रहको दुई पाग्रे मोटरसाईकल २१ थान PAMS प्रणालीमा प्रविष्टी भएको नदेखिदा सवै सामाग्रीहरु PAMS प्रणालीमा प्रविष्टी गरी पूर्ण रुपमा PAMS प्रणाली लागु गर्नू पर्दछ ।

३३ **सरकारी सम्पत्ती अभिलेख-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७(४) मा पालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन । पालिका अन्तर्गतका गत विगतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ ।

३४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

३५ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र बर्गिकरण-**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

 पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।

 पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।

 पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ ।

भू उपयोग ऐन, २०७६ को दफा १८ मा प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । नगरपालिकामा भु-उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन गरी ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र बर्गिकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ । पालिकाको नाउमा रहेको जग्गा सिराहा जिल्लाको मिर्चैयामा रहेको जनाएपनि सो को जग्गाधनी पुर्जा माग हुँदा पेश भएन । मिर्चैयामा जग्गाको संरक्षणको लागि पालिकाले जग्गा खोजविन गरी संरक्षण गर्नुपर्दछ ।

३६ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा आन्तरिक लेखापरीक्षक हाल सम्म पदपुर्ति भएको देखिएन अन्तिम लेखापरीक्षणमा बार्षिक लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयको जोड जम्मालाई नै आधार मानिएको छ ।वित्तीय समानिकरण, ससर्त, राजश्व वाँडफाँड लगायत सबै कारोवारको त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन समेत अन्तरिक लेखापरीक्षण तोकिएको समयमा नै गर्नुपर्दछ ।अतः आन्तरिक लेखापरीक्षकको पदपुर्ति गरी आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ ।

३७ **इन्धन खर्चको मापदण्ड** -

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०८१ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाबाट सो व्यवस्थाको पूर्ण पालना भएको देखिएन । यस वर्ष शव वाहन १, ट्याक्टर २, दमकल १, टिपर १ जिप २ र २६ वटा मोटरसाइकलमा इन्धन शीर्षकबाट रु. ४४ लाख ३१ हजार ७५१ इन्धन खर्च गरेको छ। इन्धन खर्चलाई मितव्ययी गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

३८ **सवारी साधन मर्मत खर्च** -

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । यस आ.ब.मा यस पालिकाले सवारी साधन मर्मत खर्चमा रु. ३३ लाख ९३ हजार ५६९ विनीयोजन गरेकोमा रु २२ लाख ८४ हजार १५३ खर्च भएको देखिन्छ ।

क्र.स.	सवारी साधनको नाम	सवारी प्रयोगकर्ता	मर्मत खर्च रकम रु.
१	शव वाहन	कटारी नगरपालिका	४२८४९.६७
२	ट्याक्टर	कटारी नगरपालिका	२६१००.१३
३	ट्याक्टर	कटारी नगरपालिका	१५४००.८
४	दमकल	कटारी नगरपालिका	३५६९४१.३५
५	ट्रिपर	कटारी नगरपालिका	२१३४७४.३६
७	जिप	प्रमुख	६५५६५३.१५
६	जिप	उपप्रमुख	४१९४९४.३७
९	स्कुटर\मोटरसाइकल	कर्मचारी र जनप्रतिनीधी	५५४२३९.
जम्मा			**२२८४१५२.८९**

मर्मत खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

३९ **फोहोरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि रू.१५ लाख खर्च गरेको छ। पालिकाले पालिका भित्र संकलन भएको फोहोर मैला व्यवस्थापनको लागि कटारी नगरपालिका वडा नं. ३ राजाबासको सार्वजनिक जग्गामा फोहोर मैला व्यवस्थापनको कार्य गरिरहेको छ । विगत ८ वर्षदेखी सोहि स्थानमा फोहोरमैला व्यवस्थापन गर्ने गरेको देखिन्छ । मिति २०७९ भाद्र ५ गते नगर फोहोरमैला व्यवस्थापन समितिले नयाँ ल्याण्डफिल साइट खोजी गरी सो को प्रारम्भिक वातावरणीय परिक्षण समेत गर्ने निर्णय गरेको देखिन्छ । हालसम्म स्थानको टुंगो लाग्न सकेको छैन । त्यस्तै गरी २०८० भाद्र ११ गते फोहोर मैला व्यवस्थापन गर्न निजी क्षेत्रसँग कार्ययोजना माग गर्ने भनी निर्णय गरेकोमा सो समेत कार्यान्वयन गरेको देखिदैन ।यस आ.ब.मा पालिकाले राजावास टोल विकास संस्थालाई फोहोरमैलाको व्यवस्थापन गर्न रु.१३८२३३८ रकम भुक्तानी गरेको छ भने पालिकाले फोहोर मैला संकलनको लागि पक्की घरको रु.१०० र कच्ची घरको रु.५० तोकेर संकलन गर्दा यस बर्ष रु.३८९०५० प्राप्त भएको देखिन्छ । प्रभावित राजावास टोलका लागि सडक वत्ती व्यवस्थापन, प्रभावित घरधुरीको बिमाका कार्यक्रममा रु.२५०,०००, खानेपानी जडानका लागि २ वटा धारा प्रतिघर साथै टोल विकास संस्थाको अध्ययन अवलोक भ्रमण वापत रु.२४०००० खर्च गरेर फोहोरमैलाको व्यवस्थापन गरिरहेको देखिन्छ । अत नगर फोहोरमैला व्यवस्थापन समितिले विभिन्न समयमा निर्णय गरे बमोजिम दिर्घकालिन फोहोर व्यवस्थापनको लागि स्थान प्राप्त गर्ने र फोहोरमैला संकलन शुल्कलाई अनिवार्य गरी फोहोरमैला उत्पादन गर्नेबाट नै रकम लिएर व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४० **जग्गा व्यवस्थापन** -

भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि भुमि शाखाले कार्य गरिरहेकोमा १०१४७ को लगत संकलन गरेकोमा ९७३६ को लगत प्रविष्टी गरेको छ । नापीको विगत ३ वर्षको तुलनात्मक प्रगती विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

नापी प्रगति (वडा नं. १ देखि वडा नं. ५ सम्म)	२०८०/०८१	२०८१/०८२	२०८२/०८३
कित्ता	५२४३	९८	१३०२
हेक्टर	८५०	७.८	२२२.२

पालिकाले राष्ट्रिय भूमि आयोगको उद्देश्य एवं कार्यक्षेत्र बमोजिम कार्य सम्पादन भएको सुनिश्चित गर्नुका साथै खर्चमा दोहोरोपना हुन नदिई सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगमा स्थानीय तह क्रियाशिल बन्नुपर्ने र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको

अतिक्रमण भए नभएको अनुगमन गरी लगत व्यवस्थित गर्नुपर्दछ ।

४१ **वडातर्फको दरवन्दी पदपूर्ति** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६(३) मा स्थायी दरवन्दी भएका पदमा अन्य कर्मचारी राख्न नपाउने व्यवस्था गरेको छ । पालिकाका १४ वटा वडा कार्यालयको दरवन्दी पदपुर्ति निम्न बमोजिम रहेको देखिन्छ ।

वडा	सेवासमुह	दरबन्दि	पदपूर्ती
१देखि १४	प्रशासन	१४	१४
	कृषि प्राविधिक(चौथो/ पाँचौ)	४	३
	पशु प्राविधिक (चौथो/ पाँचौ)	४	४
	सिभल/ स.ई/ अ.स.ई/ प्रा.स	१४	१४

४२ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्चतर्फ कुल आन्तरिक आय रु. २ करोड ५६ लाख ४० हजार ५७४ को तुलनामा करिव १९.८४ प्रतिशत अर्थात रू. ५० लाख ८७ हजार ८७४ विनीयोजन गरेको मध्ये रु. ५० लाख ८६ हजार ४४४ खाना, खाजा, पानी, चिया, विभिन्न कार्यक्रम लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो खर्चसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

४३ **स्वकीय सुविधा** –

कोशी प्रदेशको पदाधिकारीको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा राजश्व संकलन तथा आवश्यकताको आधारमा एक जनासम्म स्वकीय सचिव राख्न सक्ने व्यवस्था रहेको देखिन्छ ।पालिकाले कानुनी सल्लाहकारमा एक र स्वकीय सचिवमा दुई जनालाई नियुक्ती गरी रु. १२ लाख ११ हजार रकम भुक्तानी गरेको देखियो । एक जना स्वकिय सचिव आन्तरिक स्रोतको अवस्थाका आधारमा राख्न सक्ने व्यवस्था रहेको देखिएपनि कानुन विपरित थप १ जना स्वकीय सचिव र कानुनी सल्लाहकार समेत नियुक्ती गरी रकम भुक्तानी गरेको छ । विगतको लेखापरीक्षणको क्रममा कानुन विपरीत स्वकीय र कानुनी सल्लाहकार राखी खर्च लेख्नु नियम सम्मत नदेखिएको भनी उल्लेख गर्दा पनि पालिकाले यस आर्थिक वर्षमा समेत निरन्तरता गरेको देखिन्छ । कानून विपरीत एक स्वकीय सचिव र कानुनी सल्लाहकारलाई भएको भुक्तानी रकम नियमसम्मत मान्न नसकिएको रु.

सुविधा	**संख्या**		**बार्षिक खर्च**
	पदाधिकारी	**कर्मचारी**	
स्वकीय सचिव		१	४,७०,५२५
कानूनी सल्लाहकार		१	२,७०,०००
जम्मा			7,40,525

अनियमित भएको	७,४०,५२५

४४ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५४ वटा सहकारी संस्था दर्ता रहेका छन्।निष्कृय सहकारी संस्था ३१ वटा छन भने २१ वटा सहकारी संस्थाहरु एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) आवध्द भई सञ्चालन भएको छ । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश नभएको हुँदा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ बमोजिम पालिकाले भुमिका खेलेको देखिदैन। निर्देशिका अनुसार सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन हुनु पर्दछ ।

४५ **धरौटी सदरस्याहा** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३४,१२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३४१,५५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२८,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१४,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१३,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२३,८४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,२२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६ **खेलकुद कार्यक्रम खर्च** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा पालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न मेला समिति, क्लव मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई खेलकुद खर्च दिने कार्य भएको देखिएकोले स्रोत साधनको समुचित उपयोग नभएको देखिन्छ। खेलकुद कार्यक्रमको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ। पालिकाले खेल क्षेत्रमा लगानी गरेपनी पालिकामा सम्भाबना बोकेको खेलको पहिचान नगर्नु, खेलाडी सूची दर्ता गरी पालिकाका खेलाडी निर्माण नगर्नु, खेल क्षेत्रको संरचना विकासको लागि लगानी हुन नसक्नु लगायतका समस्या देखिन्छन्। पालिकाले खेल क्षेत्र व्यवस्थापनका लागि आवश्यक कार्यविधि बनाई खेल र खेलाडीको बिकासको लागि बजेट खर्च गर्नुपर्दछ। पालिकाको बार्षिक बजेट तथा कार्यक्रम अनुसार पालिका स्तरीय तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रममा रु.११४९८६५, खेलकुद सामाग्री खरिदमा रु.३०,०००।- र प्रत्येक वडाले समेत ५० हजार देखी ३ लाख ५० हजारसम्म खेलकुद सामाग्री तथा कार्यक्रममा खर्च गरेको देखिन्छ । अधिकांश खेलकुद कार्यक्रममा ठुलो रकम खाना खाजा वापत भुक्तानी हुने गरेको देखिन्छ । जसबाट खेलकुद प्रवर्द्धनमा रकम कम खर्च हुने देखिएकोले निश्चित मापदण्ड बनाएरमात्र यस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

४७ **राजश्व तर्फ-**

४७.१ **राजश्व संकलनको अवस्था-** पालिकाको विगत ३ आर्थिक वर्षको आन्तरिक आय संकलनको अवस्था देहायबमोजिम देखिन्छ:

आ.व	राजश्व आम्दानी	गत आ.व. भन्दा फरक	गतभन्दा घटेको/ बढेको
२०७९/ ०८०	२१६१४६६२.८६	०	
२०८०/ ०८१	२९६५३१५८.१६	८०३८४९५.३०	२७.१०
२०८१/ ०८२	२५६४०५७४.६६	४०१२५८३.५०	-१५.६४
जम्मा	**७६९०८३९५.६८**		

आर्थिक बर्ष २०७९।८० को तुलनामा आर्थिक बर्ष २०८०।८१ मा आन्तरिक आय २७.१० प्रतिशतले बृद्धि भएकोमा आर्थिक बर्ष २०८१।८२ मा १५.६४ प्रतिशतले कमी आएको देखिन्छ। पालिकाले प्रत्येक आर्थक वर्ष प्रक्षेपण गरेको राजस्व संकलन गर्दै आन्तरिक आय बृद्धि गर्दै लैजानु पर्दछ ।



४७.२ **अनुगमन तथा असुली-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ ।पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ । पालिकाले आ.ब.२०८१/८२ को लागि अनुमान गरेको र असुली गरेको शिर्षकगत आय देहाय बमोजिम रहेको देखिन्छ ।

क्र.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी	असुली प्रतिशत
१	११३१३	सम्पतीकर	६००००००.००	९१७५७५.८५	१५२.९३
२	११३१४	भुमिकर/ मालपोत	२५०००००.००	२६१४३४३.२२	१०४.५७
३	११३१७	वहालकर	३२०००००.००	३२३०८७२.१०	१००.९६
४	११६३१	कृषि तथा पशुजन्य वस्तुको कारोवारमा लाग्ने कर	१०००००००.००	०.००	०.००
५	११६९१	अन्यकर	०.००	५४००.००	
६	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	१७०००००.००	६००.००	०.०४
७	१४२१८	विद्युतसेवा शुल्क	०.००	१६८००.००	
८	१४२१९	अन्यसेवा शुल्क तथा बिक्री	७५०००००.००	७२६५५९८.२०	९६.८७
९	१४२२१	न्यायिक दस्तूर	०.००	७६००.००	
१०	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	०.००	५००००.००	
११	१४२२४	परीक्षाशुल्क	०.००	१५४००.००	
१२	१४२२९	अन्यप्रशासनिक सेवा शुल्क	०.००	५३४९११.२०	
१३	१४२४२	नक्सापासदस्तुर	१५०००००.००	१६७२८२८.०९	१११.५२
१४	१४२४३	सिफारिशदस्तुर	३००००००.००	२८५९८६०.००	९५.३३
१५	१४२४४	व्यक्तिगतघटना दर्ता दस्तुर	८०००००.००	७५९५४०.००	९४.९४
१६	१४२४५	नाताप्रमाणित दस्तुर	२०००००.००	१९९८००.००	९९.९०
१७	१४२४९	अन्यदस्तुर	४००००००.००	११९८६७१.०१	२९.९७
१८	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०.००	१०००.००	
१९	१४२६२	विद्युत सम्बन्धी दस्तुर	०.००	१३६००.००	
२०	१४२६५	अन्य क्षेत्रको आय	०.००	११६०.००	
२१	१४३११	न्यायिक दण्ड जरिवाना र जफत	५००००.००	०.००	०.००
२२	१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	०.००	१९७९१.००	
२३	१४३१३	धरौटीसदरस्याहा	२०००००.००	०.००	०.००
२४	१४५२१	प्रदुषणनियन्त्रण शुल्क	१३५५००००.००	२१२५३३२.००	१५.६९
२५	१४५२९	अन्यराजस्व	०.००	२५५०.००	
२६	१४६११	व्यवसायकर	१८०००००.००	२००९०९७.४३	१११.६२
२७	१५१११	बेरूजू	३०००००.००	११३७७०.९०	३७.९२
२८	१५११२	निकासा फिर्ता	०.००	४४७३.६६	

जम्मा	४,१९,००,०००.००	२,५६,४०,५७४.६६	६१.१९

पालिकाले आन्तरिक आय रु. ४१९००००० संकलन गर्ने अनुमान गरेतापनि यथार्थ रु. २५६४०५७४.६६ अर्थात अनुमानको तलनामा ६१.१९ प्रतिशत मात्र संकलन गरेको छ। आन्तरिक आयको अनुमानलाई यथार्थ परक बनाई राजश्व संकलन गर्नुपर्दछ।

४७.३ **राजस्व लेखा अधावधिक** - आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ बमोजिम कार्यालयले राजस्वको आम्दानी जनाउंदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हस्बली राजस्व आम्दानी दाखिला गरि गोश्वारा भौचर तयार गरि दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अधवाधिक गर्नु पर्ने छ भनी व्यवस्था रहेको छ ।पालिकाबाट आन्तरिक आय संकलनका लागि विभिन्न आय शीर्षकहरुमा वार्षिक राजस्व संकलन गरिएको छ तर ठेक्काको अद्यावाधिक विवरण तयार गरि राखिएको छैन ।यसरी अद्यावधिक विवरण नहुँदा श्रेस्ता परिक्षणको क्रममा कुनै राजस्व ठेक्का सम्बन्धी कागजात परीक्षण गर्न छुट तथा अन्य निकाय पठाएको हुन सक्ने भएकोले अनिवार्य रुपमा आन्तरिक राजस्व ठेक्काको शीर्षकगत विवरण तयार गरी अधवाधिक लगत राख्नुपर्ने देखिन्छ ।

४७.४ **राजश्व संकलनमा एकरुपता**- स्थानीय तहलाई आफ्ना क्षेत्रभित्र राजस्व संकलन गर्ने, लेखापरीक्षण गराउने र आर्थिक कारोबार पारदर्शी बनाउने अधिकार रहेको छ।कार्यालयले राजस्व सम्बन्धी सबै अभिलेखहरू अद्यावधिक राख्नु पर्दछ। चालु आर्थिक वर्ष पालिकाले अनलाईन राजश्व सफ्टवेयर प्रणाली र शुत्र मोडल दुवैबाट राजश्व संकलन गरेको देखिन्छ, यसबाट राजश्व संकलन गर्ने जस्तो कुरामा एकरुपता नहुने तथा आम्दानी प्रतिवेदनमा मेल नखाने,दाखिलामा नियमित्ता नहुने, ढिलो गरी दाखिला हुने लेखापरीक्षणको क्रममा मिलानमा समस्या उत्पन्न हुने अवस्था सृजना हुने देखिन्छ। महालेखा नियन्त्रक कार्यालयले शुत्र मोडलबाट अनिवार्य रुपमा राजश्व संकलन गर्ने परिपत्र समेत जारी गरेको छ, यसलाई कार्यान्वियन गर्नको लागी एकद्धार प्रणाली अपनाई अनिवार्य रुपमा शुत्र मार्फत राजश्व संकलन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

४७.५ **बन पैदावार विक्रि आय** - वन नियमावली २०७९ को नियम २५ (१) अनुसार डिभिजन वन कार्यालय अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका यस पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको १० प्रतिशत सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक बन उपभोक्ता समितिले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको बनपैदावर बिक्रीलाई आधार मानी रकम संकलन गर्नुपर्ने देखिन्छ । पालिकाभित्र कति सामुदायिक वन उपभोक्ता समिति रहेका छन भन्ने संख्या प्राप्त हुन सकेन । यस बर्ष पालिकालाई डिभिजन बन कार्यालय उदयपुर(त्रिवेणी) मार्फत रु.४ लाख ५४ हजार ८२५ राजश्व प्राप्त भएको छ ।वन पैदावार विक्री आयको रकम कति प्राप्त हुनुपर्नेमा कति प्राप्त भयो र कति बाँकी छ एकिन गरी भन्न सकिएन । पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको आधारमा पालिकाको आय संकलन गर्नुपर्दछ ।

४८ **अन्य कार्यालयको खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार खर्च गरेको देखियो। कार्यक्षेत्र भन्दा बाहिर गई खर्च गरेको नियमसम्मत नदेखिएको रु.

भौ.न.	कार्यालयको नाम	प्रयोजन	रकम
७८	प्रहरी चौकी बेलसोत	मौलो पुजा	१००००
	प्रहरी चौकी बसेरी	मौलो पुजा	१००००
	इलाका प्रहरी कार्यालय कटारी	मौलो पुजा	२५०००
१०५	शसस्त्र प्रहरी बल बेसकटारी	मौलो पुजा	१९४००
	प्रहरी चौकी घुर्मी	मौलो पुजा	१००००
	अस्थायी प्रहरी चौकी वेतेनी	मौलो पुजा	१००००
	प्रहरी चौकी सोरङ्गबिसे	मौलो पुजा	१००००
१३७	प्रहरी चौकी रिस्कु	मौलो पुजा	१००००
५४९	पत्रकार महासंघ उदयपुर	अधिवेशन	१०००००
५५३	शसस्त्र प्रहरी बल बेसकटारी	सवारी मर्मत	५८५३७
११०८	जिल्लाप्रहरी कार्यालयको बहुउदेश्यीय भवन निर्माणमा रोशनी सप्लायर्सलाई सामाग्रीको रकमभुक्तानि	भवन निर्माण	२९७७६९
१७८४	मालपोत कार्यालय	फर्निचर	२०००००
जम्मा			**७६०७०६**

यस्तो प्रकृतिको खर्चले थप व्ययभारमात्र वढ्दै जाने हुँदा यस्ता खर्चमा पालिकाले नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

अनियमित भएको	७,६०,७०६

४९ **बजार अनुगमन कार्य -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिरिच्छेद–३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्येक स्थानीय तहमा बजार अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । व् बजार अनुगमन वापत रु.४९१००० भुक्तानी भएको छ । २०८१।६।२० गते कटारी नगरपालिका वडा नं. ३ र ४ स्थित कटारी बजारमा इलाका प्रशासन कार्यालय, उद्योग बाणिज्य संघ र पालिकासहितको टिमले बजार अनुगमन गरेको देखियो ।जसमा प्रतिभा सप्लायर्स कटारीले म्याद नाघेको पेय पदार्थ विक्री वितरण गरेको भनी २०८१।६।२० गते पसलमा सिलबन्दी गरेको देखिन्छ । कुल रु.१७४६७८६ बराबरको म्याद नाघेको पेय पदार्थ रहेकोमा पुन पालिकाले निर्णय गरी सो सिलबन्दी खोलेको देखिन्छ । यसरी अनुगमन गर्दा कैफियत देखिएमा उपभोक्ता संरक्षण ऐन,२०७५ को दफा १६ को (ङ) बमोजिमको कसुरमा चार देखी छ लाख सम्म जरिवाना र कैद सजायसम्मको व्यवस्था भएकोमा अनुगमनबाट सिल

गरिसकेको पसलमा समेत कानून बमोजिम जरिवाना नलिई बैठकबाट निर्णय गरी सिल खोलेको देखियो । अनुगमन गर्दा म्याद नाघेका सामाग्री नष्ट नगर्दा बजार अनुगमनको प्रभावकारीता नदेखिएकोले कानुनको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । अनुगमन गर्दा कैफियत देखिएका खाध्य सामाग्री नष्ट गर्ने, नियमानुसार जरिवाना लगाउने र थप सचेत गराई पसल संचालन गराउनुपर्दछ।

५० **विद्युत महशुलमा जरिवाना** –

पालिकाले सभाबाट विद्युत तथा खानेपानी शिर्षकमा रकम बिनीयोजन गरेतापनि समयमा नै भुक्तानी नगर्दा यस बर्ष नुमुना परिक्षण गरी हेर्दा देहायका केन्द्रमा २५ प्रतिशतसम्म जरिवाना रकम समेत भुक्तानी भएको देखिएको छ । समयमा नै रकम दाखिला नगरेको कारण विद्युत जरिवाना तिर्नुपर्ने अवस्था सृजना भएको देखिएकोले समयमा नै महशुल तिरी छुट लिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

गौ.भौ.	विवरण	रकम	जरिवाना
३२२-२०८१।९।४	पानी तथाबिजुली	४४९०००	१८७५३
३६५-२०८१।९।७	पानी तथाबिजुली	८५९६	१७१९
७५५-२०८१।११।२२	पानी तथाबिजुली	६३४८५	१५८७१
जम्मा		५२१०८१	३६३४३

५१ **बीमा कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाका देहाय बमोजिमका वडामा आर्थिक रुपमा पछाडी परेको,विपन्न तथा फरक क्षमता भएका व्यक्तिलाई बिमा कार्यक्रम संचालन नगरी यस आ.ब.मा रु.४४९५०० खर्च गरेको छ । पालिकाले पहिचान परिचय पत्र नदेखिएको अवस्थामा कसको के कुन अवस्था छ देखिने अभिलेख रहेको देखिदैन । वडागत रुपमा समेत फरक फरक गरी कार्यक्रम संचालन भएको छ । वडा नं. १२ ले ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गरेको छ भने वडा नं. ३ ले पूर्ण निशुल्क गरी रकम भुक्तानी गरेको देखिन्छ । अत पालिका भित्र संचालन हुने यस्ता वितरण मुखी कार्यक्रममा न्युनिकरण गरी संचालनमा समेत एकरुपता कायम गर्नुपर्दछ ।

भौ.न./मिति	विवरण	परिवार	रकम	
२१४-२०८१।८।६	बीमा कार्यक्रम वडानं. १२	३४	६००००	५० प्रतिशत
३९२-२०८१।९।११	बीमा कार्यक्रम वडानं. १२	४३	९००००	५० प्रतिशत
५०६-२०८१।९।२८	विपन्न नागरिकस्वास्थ्य कार्यक्रम वडा नं. ३	३०	१०५०००	निशुल्क
७६८-२०८१।११।२५	वीमा कार्यक्रम वडानं. १२	१५	३००००	५० प्रतिशत
९७८-२०८१।१२।२६	बीमा कार्यक्रम वडानं. १३	८	२८०००	निशुल्क
१२६४-२०८२।२।१	बीमा कार्यक्रम वडानं. १२	३७	७००००	५० प्रतिशत
१४३४-२०८२।३।७	बीमा वडा नं. ७	६	१५०००	निशुल्क
	वडा नं. ११	४	१४०००	निशुल्क
	वडा नं. १४	१५	३७५००	निशुल्क
जम्मा		१९२	४४९५००	

५२ **पदाधिकारीलाई थप इन्धन सुविधा -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **२८,१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **२८,१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **३५,९९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **२८,१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **३७,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **३४,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **३७,५६०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **३७,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **३७,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **बोलपत्र खोलेको बैठक भत्ता** –

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४ **कटारी बजार सडक कालोपत्रे** -

पालिकाले ठेक्का नं. KMUN/W/WNCB/09/2080/81 रहेको Katari Bazar 2nd and 3rd Line Black Topped Road निर्माणको लागि रु. ८५,६७,७२१ लागत अनुमान स्वीकृत गरी प्रतिस्पर्धाबाट छनौट भएको अम्बिका निर्माण सेवासँग मिति २०८१।२।१६ मा रु. ७५,०३,८९५.६० मा सम्झौता गरेको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८१।३।१५ भएपनि मिति २०८२।२।१५ सम्म म्याद थप गरेको देखिन्छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु-

५४.१ **ट्याक कोट**-

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१७९,२५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४.२ **निर्माण कार्यको म्याद थप**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(२) मा खरिद सम्झौताको म्याद थप गर्दा अवधि र कारण खुलाई म्याद थप गर्न सकिने व्यवस्था छ। यस निर्माण कार्यको म्याद थप गर्न मिति २०८१।१२।२९ बसेको कार्यपालिकाको बैठकले २०८२।२।१५ सम्म म्याद थप गरेको देखिन्छ। थपिएको म्यादमा समेत कार्य सम्पन्न नभएको र मिति २०८२।२।२६ मा बसेको कार्यपालिकाको बैठकले Performance Guarantee को म्याद यकिन गरी म्याद थप गर्ने उल्लेख गरी सर्वसम्मत निर्णय भएको देखिन्छ। कार्यपालिकाको यस निर्णयले मिति २०८२।२।१५ पश्चात कानुनी व्यवस्था अवधि खुलाई म्याद थप भएको देखिदैन। मिति २०८२।३।५ निर्माण कार्य सम्पन्न भएकोले म्याद समाप्त भएको २० दिन पश्चात निर्माण कार्यको अन्तिम भुक्तानी भएको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ती दिनुपर्ने व्यवस्था छ। मिति २०८२।२।१५ पश्चात म्याद थप नभएकाले कानुन बमोजिम २० दिनको सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले रु. ७०,०३८ पूर्वनिर्धारित क्षतिपूर्ती व्यहोर्नुपर्ने देखिन्छ। कायम भएको क्षतिपूर्ती रकम सम्बन्धित निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७०,०३८

५५ पूर्वनिर्धारित क्षतिपूर्ती-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(२) मा खरिद सम्झौताको म्याद थप गर्दा अवधि र कारण खुलाई म्याद थप गर्न सकिने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ती दिनुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. KMUN/W/WNCB/05/2080/81 रहेको Construction of Black Topped Road (South of Triveni H.S. School) निर्माणको लागि रु. १,७५,९५,१३० लागत अनुमान स्वीकृत गरी राउत/अम्बिका जेभिसँग मिति २०८०।१०।३० मा रु. १,५१,८८,५३४ मा सम्झौता गरेको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८१।१०।२९ भएपनि म्याद थप गर्न मिति २०८१।१२।२९ बसेको कार्यपालिकाको बैठकले २०८२।१।३० सम्म म्याद थप गरेको देखिन्छ। थपिएको म्यादमा समेत कार्य सम्पन्न नभएको र मिति २०८२।२।२६ मा बसेको कार्यपालिकाको बैठकले Performance Guarantee को म्याद यकिन गरी म्याद थप गर्ने उल्लेख गरी सर्वसम्मत निर्णय भएको छ। यस निर्णयमा कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति तोकिएको छैन। अर्थात कार्यपालिकाको यस निर्णयले मिति २०८२।१।३० पश्चात कानुनी व्यवस्था बमोजिम निर्माण सम्पन्न गर्नुपर्ने अवधि खुलाई म्याद थप भएको देखिदैन। मिति २०८२।३।२० निर्माण कार्य सम्पन्न भएकोले म्याद समाप्त भएको ५० दिन पश्चात निर्माण कार्यको अन्तिम भुक्तानी भएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ती दिनुपर्ने व्यवस्था छ। मिति २०८२।१।३० पश्चात म्याद थप नभएकाले कानुन बमोजिम ५० दिनको सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले रु. ३,७९,७१३ पूर्वनिर्धारित क्षतिपूर्ती व्यहोर्नुपर्ने देखिन्छ। कायम भएको क्षतिपूर्ती रकम सम्बन्धित निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,७९,७१३

५६ १२ नं वडा कार्यालय भवन निर्माण-

पालिकाले ठेक्का नं. 7/UDA/Katarimun/2078-079 रहेको १२ नम्बर वडा कार्यालय भवन निर्माणको लागि रु. ६४,७३,८२२ लागत अनुमान स्वीकृत गरी प्रतिस्पर्धाबाट छनौट भएको उदयपुर लामा कन्स्ट्रक्सनसँग मिति २०७९।२।१८ मा रु. ४९,३९,९५१ मा सम्झौता गरेको देखिन्छ। निर्माण कार्यको सुरु सम्झौतामा कार्यसम्पन्न मिति २०८२।१।२९ भएपनि मिति २०८२।१।३० सम्म म्याद थप गरेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको अवस्थामा मात्र कार्यस्वीकार गर्ने व्यवस्था रहेको छ। त्यस्तै नियमावलीको नियम १२८ मा सम्झौताबमोजिम कार्य नगरेमा सम्झौता अन्त्य गरी सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायिको खर्चबाट त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था समेत रहेको छ। त्यस्तै सार्वजानिक खरिद नियमावली २०६४ को नियम ११८ (१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजानिक निकायले भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पुरा गरी जारी गर्नुपर्ने उल्लेख छ। त्यसैगरी सोही नियमावली २०६४ को नियम १२२ (२) मा विल विजक प्राप्त भएपछि सार्वजानिक निकायले त्यस्तो विल वा विजक खरिद सम्झौतामा उल्लेखित प्रावधान बमोजिमको भए नभएको जाँच गरी सो अनुरुप नभएमा सोको जानकारी सम्बन्धित निर्माण ब्यवसायीलाई तुरुन्त दिनुपर्ने ब्यवस्था छ । यस निर्माण कार्यको सम्झौता रकम रु. ४९,३९,९५१ रहेकोमा सम्झौता बमोजिमको कार्य नगरी रु. ३४,२७,०२१ अर्थात ६९.३७ प्रतिशत मात्र वित्तीय प्रगती भएको अवस्थामा नै पालिकाले कार्यस्वीकार गरेको छ। पालिकाको भनाई अनुसार ६९.३७ प्रतिशत वित्तीय खर्चमा सम्पुर्ण भौतिक प्रगति भएको उल्लेख गरेको भएपनि भरियसन आदेश जारी नगरी BOQ अनुसारको परिमाणको कार्य नभएका केहि प्रतिनिधि कार्यहरु:

कार्य	दर	BOQ परिमाण	भएको कार्य	घटी कार्य	रकम
Reinforcing Bar	१२०	८८४२.९९	७५०८.२४	१३५४.७५	१,६२,५७०
Brick Work in 1:6 cement Motae	१४०००	५५.२४	३३.५५	२१.६९	३,०३,६६०
Flooring Work: Stone Soling	१५००	५२.३५	१४.५०	३७.८५	५६,७७५
Flooring Work: PCC 1:2:4	४०००	१३८.८९	९५.२०	४३.६९	१७,४७६०
Grill Work	१४०	३८५९.०२	४१७.७६	३४४१.२६	४,८१,७७६

उल्लेखित वित्तीय प्रगतिमा गुणस्तरीय कार्य भएको प्रमाणित गर्न पालिकाले सार्वजनिक खरिद कानुन तथा General Condition of Contract (GCC) अनुसार निर्माण कार्यको गुणस्तर परीक्षण (ल्याब टेष्ट) समेत गरेको छैन। ल्याब टेष्ट नगरी पालिकाले यस निर्माण कार्यको यस आर्थिक बर्षमा जारी गरिएको अन्तिम ठेक्का विलबाट रु. ८,०५,०६० भुक्तानी गरेको छ। पालिकाले निर्माण कार्य तथा सामाग्रीहरुको ल्याब परीक्षण गरी उल्लेखित वित्तीय प्रगतिमा प्रचलित मापदण्ड अनुसार भौतिक प्रगती भएको पुष्टि सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८,०५,०६०

५७ **लागत सहभागिता-**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **१,४०४,६०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५८ **संघीय समपुरक अनुदान-**

समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ५ मा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजनाको लागि प्रत्येक आर्थिक बर्ष बजेट माग गर्नु पर्ने, दफा ६ मा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्ने, दफा ९ मा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजनाका लागि अनुदान प्राप्त भएको हो सो आयोजनामा मात्र खर्च गर्नु पर्ने, दफा १० मा समपूरक अनुदानबाट सञ्चालित आयोजना तोकिएको समय भित्र सम्पन्न गर्नु पर्ने सो समयमा हुन नसकेमा त्यस्तो आयोजना स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने लगायतका व्यवस्था छन। पालिकाले आर्थिक बर्ष २०८१।८१ लागि वडा कार्यालय भवन निर्माण आयोजना (वडा नं. २,६,८,१०,११,१३ र१४) उल्लेख गरी रु. १,१०,००,००० समपुरक अनुदान प्राप्त गरेको रु. ९६,९५,६२२ खर्च गरेको छ।

५८.१ **वडा कार्यालय भवन निर्माण (वडा नं ८, ११ र १३)-**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **२,०२४,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५८.२ **समपूरक अनुदान स्वीकृत नभएको-** पालिकाले समपुरक बजेट माग गर्दा वडा कार्यालय भवन निर्माण आयोजना (वडा नं. २,६,८,१०,११,१३ र१४) उल्लेख गरी माग गरेको छ। यद्यपी पालिकाले समपूरक बजेट माग गरेको विवरण पेश नगरेको तर क्रमागत योजना सम्पन्न गर्ने गरी बजेट प्राप्त भएको जानकारी गराएको छ। क्रमागत योजनाको लागि पालिकाले वडा नं ८,११ र १३ गरी तीन वडा कार्यालयहरुलाई एउटै प्याकेज बनाई क्रमागत योजनाको रुपमा ठेक्का नं. KMUN/W/WNCB/11/2080/81 बाट कार्य भएको अवस्थामा पालिकाले वडा नं २ भवन निर्माणको लागि चिरन्जिवि कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई रु. ९,६१,९६१ तथा निर्देशिकाको

दफा १० मा समपूरक अनुदानबाट सञ्चालित आयोजना तोकिएको समय भित्र सम्पन्न गर्नु पर्ने सो समयमा हुन नसकेमा त्यस्तो आयोजना स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्थामा वडा नं १० को भवन निर्माणको भुक्तानी दिन बाँकी रु. ८,०६,२३८ तथा वडा नं १४ को भुक्तानी दिन बाँकी रु. ११,७६,३६० गरी जम्मा रु. २९४४५५९ समपुरक खर्च भएको रकम समपुरक अनुदानमा स्वीकृत भएको यकिन गर्नु पर्दछ । पालिकाले उल्लेखित योजनाहरु लागि समेत बजेट स्वीकृत भएको यकिन गरी ५० प्रतिशत लागत साझेदारी रकम समपुरक अनुदानबाट खर्च गरी बाँकी ५० प्रतिशत संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ।

५९ **ल्याब टेष्ट प्रमाण-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं KMUN/W/WNCB/12/2081/82 कार्यको नव दुर्गा कन्स्ट्रक्सनलाई ल्याब टेष्ट बापत रु.६३००० भुक्तानी गरेकोमा ल्याब टेष्टको प्रतिवेदन पेश भएको छैन। प्रतिवेदन पेश नभई भुक्तानी भएको रकमको ल्याब टेष्ट प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६३,०००

६० **कन्टेन्जेन्सी खर्च-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको बर्कचार्ज स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार छैन । सो अनुसारको अभिलेख नराखी दैनिक भ्रमण भत्ता,मसलन्द खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन ।

क्र.सं.	कन्टिनजेन्सीको विवरण	खर्च रकम
२	दैनिक भ्रमण भत्ता	८३८९३३
३	सुचना प्रकाशन / पत्रपत्रिका	११९८२९२
४	मर्मत	२४३६००
५	मसलन्द	३०११५१
८	अन्य	१२९२९८७
९	**जम्मा**	**३८७४९६३**

६१ **मर्मत संम्भार कोष कट्टी-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **१४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६२ **उपभोक्ता समितिको काम निर्माण ब्यावसायीबाट गराएको-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) बमोजिम उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता

समिति भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने ब्यवस्था छ। उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका सडक निर्माण सम्बन्धी सम्पुर्ण योजनाहरुको निर्माण कार्य निर्माण व्यवसायीबाट सम्पन्न गराई सो बमोजिमको विल पेशको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिन्छ।

गोभौ/ मिति	उपभोक्ता समिति	रकम	निर्माण व्यवसायी	निर्माण व्यवसायीद्धारा पेश भएको विल रकम
४, २०८१।७।१३	भोर्ने सिरान देखि सिराह जोड्ने सडक स्तरोन्नती	५१९८३१	थप्पा निर्माण सेवा	५७५९९९
११६, २०८१।९।८	वडा भरिको सडक मर्मत तथा सरसफाई उस	१००००००	डिसि कन्स्ट्रक्सन, नागेश्वर कन्स्ट्रकसन	११११००४७
११८, २०८१।९।८	सडक सानातिना मर्मत सुधार उस	४९६८५८	शिद्धिचरण मल्टिप्रपोज प्रा लि	५००१९७
१३०, २०८१।९।१७	जोगिडाँडा आहाल सडक निर्माण उस	९९८६९	डि.सि. कन्स्ट्रक्सन	१०७७०५
१४७, २०८१।९।२४	लिम्पाटार बाझागाउँ सिदुरेबेसी ननेखु सडक	६०००००	प्रेम दुर्गा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	६५५७२५
१५५, २०८१।९।२५	गोठडाँडा फेदी खेत मोटर बाटो निर्माण उस	१४८२५४	डिसि कन्स्ट्रक्सन	१६४२५६
१६९, २०८१।९।२८	भरौंरे डाँडाबारी सडक निर्माण आयोजना उस	८०३१४६	पि के निर्माण सेवा र हरिसिद्धि निर्माण सेवा प्रा लि	१०२३८२८
१७१, २०८१।९।२८	मौवाडाँडा सिरुपाखा सडक निर्माण	१९७५१७	प्रेम दुर्गा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	२१४७७३
१९३, २०८१।९।२९	वडाभरिको सम्पुर्ण बाटो मर्मत उस	१३०००००	डिथ्या अर्थमुभरस् सोलुसन प्रा लि	१३२७२८
२००, २०८१।१०।४	बडमी भन्ज्याङ्ग देखि खसिबास सडक निर्माण उस	१९६९३२	थापा निर्माण सामाग्री सेवा	२१८७०८
२३८, २०८१।१०।२१	सडक मर्मत योजना उस	१३८९३२०	पिके निर्माण सेवा	१३०५०५०
२१२, २०८१।१०।१०	वडा भरिका सडक मर्मत उस	९२०३४५	डिसि कन्स्ट्रक्सन	१०३०४४७
२२१,	वडा भित्रका सडक स्तरोन्नतीका	४३७५००	चेवन ढुवानी सेवा	५०५७५०

२०८१।१०।२०	लागि ग्राभेल			
२८५, २०८१।११।१२	मर्जेतपुर गैरी टोल/मास्टर टोल चिसापारी बाटो स्तरोन्नती	१४९३२९	थापा निर्माण सामाग्री सेवा	१७३८८८
३०६, २०८१।११।२०	माझखानी कामबारी डासीटार भोग्टेनी सडक निर्माण उस	५९८४१४	पिके निर्माण सेवा	५८३९२८
३८१, २०८१।१२।११	गाल भञ्जाङ्ग खोलाघारी हात्तीमारा सडक निर्माण उस	१००००००	चुलिथाम कन्स्ट्रक्सन प्रालि	११२५०६५
४६५, २०८१।१२।२७	सरस्वती माध्यामिक विद्यालय हर्देनी	१७८०७८७	चुलिथाम कन्स्ट्रक्सन प्रालि	९१९००६
५११, २०८२।१।११	हलदे राम्चे अर्ना मोटर बाटो निर्माण	३९६८३८	कटारी चिरञ्चिवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि	४१४०००
५८६, २०८२।१।२१	तल्लो सिम्ले माथिल्लो सिम्ले नयाँ सडक नि उस	५९५९८६	चुलिथाम कन्स्ट्रक्सन प्रालि	६६४६१०
६०२, २०८२।१।२३	विभिन्न शाखा सडक मर्मत ग्राभेल	१४९८००	शिवानी एण्ड शिजल मगर कन्स्ट्रक्सन प्रालि	१५६८२१
६११, २०८२।१।३०	वडा रिङ्गरोड बडहरे लायोडाँडँ आमबोटे	१०३७९६९	पिके निर्माण सेवा	११६९५५०
६१७, २०८२।१।३०	गोरे भञ्जाङ्ग मोलुङ मोटर बाटो स्तरोउन्नती उस	२९२३८७	थापा निर्माण सामाग्री सेवा	२७४१८७
६२८, २०८२।२।१	जग्य साल हर्देनी मोटर बाटो निर्माण उस	३७४१४४	चुलिथाम कन्स्ट्रक्सन प्रालि	४१६४७७
६३७, २०८२।२।५	वडा कार्यालय मैदान खार्ने कार्यक्रम उस	३५००००	चुलिथाम कन्स्ट्रक्सन प्रालि	३८६१७६
७२०, २०८२।२।२७	ट्वाङ सिरुवारी सिमलबोट कृषि उस	३९८४४६	चुलिथाम कन्स्ट्रक्सन प्रालि	४४६३८६
७६८, २०८२।३।	चिलाउने मोटर बाटो निर्माण उस	१९०१९७	पिके निर्माण सेवा	२१८४०२

७				
७९३, २०८२।३।९	वडा जमिन फिलिङ्ग उस	२८५०९१	चुलिथाम कन्स्ट्रक्सन प्रालि	३३२६०५
९०१, २०८२।३।१८	नयाँ रोड सिरुवानी मोटर बाटो स्तरोन्नती उस	३९६४०१	पिके निर्माण सेवा	४३७५९३
९१३, २०८२।३।२०	चाम्बोटे तथा चित्रमानको घर जाने मोटर निर्माण	१२७०६७	डिसि कन्स्ट्रक्सन	१४१०६०
९५०, २०८२।३।२२	बाटो निर्माण खोक्सा उस	२२४१६०	कला कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि	२०००५५
जम्मा				१,५६,०५,०२२

उपभोक्ता समितिबाट भएका सडक निर्माण सम्बन्धी सम्पुर्ण योजनाहरुमा लागत सहभागिता समेत खाम्ने गरी निर्माण व्यवसायिको विल पेश भएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिकाले जटिल प्रकृतिको कार्य पुष्टि नभएको तथा सम्पुर्ण योजनाहरुमा शत प्रतिशत कार्यमा निर्माण व्यवसायिको बिल पेश भएको र सो बमोजिम रु. १,१६,२५,५८९ भुक्तानी भएको छ। पालिकाले उपभोक्ता समितिको कार्यमा निर्माण व्यवसायिको संलग्नतालाई नियन्त्रण गर्नुपर्दछ।

६३ **प्राविधिक विल र कार्यसम्पन्न-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको उपभोक्ता विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले नापी किताबमा उल्लेख भएबमोजिम वास्तविक काम भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। साथै प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका ईन्जिनियरिङ नर्म्स अनुसार विलमा खुलाउनुपर्ने सम्पुर्ण विवरण उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले ईन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको विल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउँनु पर्दछ।

६४ **सम्पादित कार्यको गुणस्तर-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत सम्पादन गरिने कार्यको प्रक्रिया र भुक्तानी विधि उल्लेख छ । पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउँदा स्थानीय श्रममुलक प्रविधिको कार्य, जटिल प्रकृति बाहेकका कार्य, क्षमता अभिवृद्धिसँग सम्बन्धित कार्यका अलावा विशेष प्रविधि र ज्ञान आवश्यक पर्ने प्रकृतिका कार्य गर्दा गराउँदा पुरा गर्नुपर्ने न्यूनत्तम मापदण्ड र गुणस्तरका सम्बन्धमा स्पष्ट किटान गर्ने गरेको छैन्। उपभोक्ता समितिले गरेका ग्याविन जालि निर्माण, भवन निर्माण, बाटो निर्माण

लगायतका कार्यमा गर्नुपर्ने ल्याब परीक्षण गरेका छैन। पालिकाले उपभोक्ता समितिसँग गर्ने सम्झौतामा नै सम्पन्न गर्नुपर्ने कामको गुणस्तरियता, मितव्ययिता र दिगोपना सम्बन्धमा उल्लेख गरी सोबमोजिम भए नभएको चेकजाँच र मूल्याङ्कन गर्नुपर्नेमा गरिएको पाईएन। पालिकाले उपभोक्ता समितिबाट कार्य गराउँदा गुणस्तर सुनिश्चितता हुने गरी सम्पन्न गराउनुपर्दछ।

६५ **योजना हस्तान्तरण र मर्मत सम्भार –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिमार्फत गरेका कार्यको सम्झौतामा सम्पन्न भैसकेपछि हस्तान्तरण हुने व्यवस्था गरेको छैन भने मर्मत सम्भारको लागि योजनाको लागात अनुमान तयार गर्दानै कुल रकमको १ प्रतिशत काट्ने व्यवस्था गरेको भएपनि सो रकम मर्मत सम्भारको लागी प्रयोग भएको छैन। पालिकाले आफ्नो संलग्नतामा सञ्चालन भएका योजनाको आर्थिक वर्ष खुल्ने गरी अभिलेख राख्ने पद्धति नभएको, सञ्चालनमा रहेका र सम्पन्न भएका योजनाको एकीकृत अभिलेख भिडान गरी समयवद्ध अनुगमन गरी तोकिएको उद्देश्यवमोजिम सञ्चालन भए नभएको यकिन गर्ने नगरेकोले हस्तान्तरण र मर्मत सम्भारको व्यवस्था प्रभावकारी देखिएको छैन। स्थानीय तहमा उपभोक्ता समितिहरु पटके रुपमा गठन भई कार्य सम्पन्न पश्चात अस्तित्व नै भए नभएको यकिन नहुने अवस्थामा हस्तान्तरण र मर्मत सम्भारका व्यवस्था कानुनै सीमित भएको छ। निर्मित संरचनाको संरक्षण, प्रभावकारी परिचालन तथा त्यसको दिगो उपयोगका लागि पालिकाले योजना हस्तान्तरण र मर्मत सम्भार प्रणालीलाई प्रभावकारी प्रयोगमा ल्याउनु पर्दछ।

६६ **निर्मित संरचनाको अभिलेख-**

पालिकाले आफ्नो क्षेत्राभित्र रहेका भवन,कल्भर्ट, सडक लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई अभिलेख राखेको देखिएन। निर्मित, निर्माणाधीन एवं प्रस्तावित संरचनाको अभिलेख, सोको सञ्चालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान, सर्वेक्षण, विस्तृत डिजाइन तथा लागत अनुमान तयार, जी.पी.एस. को माध्यमले निर्माणस्थल पहिचान र अभिलेख खुल्ने व्यवस्था मिलाउने कार्य शुरु भएको छैन। अन्तर तह समन्वय गरी संरचना निर्माणमा दोहोरोपनाको अन्त्य तथा जी.पी.एस. बाट देखिने गरी अभिलेख व्यवस्था मिलाउनुपर्दछ । त्यसैगरी नयाँ निर्माण भएका र वर्षेनी मर्मत सम्भार गरिएका संरचनाहरुको अवस्था, लागत तथा मर्मत खर्चसमेत खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

६७ **उपभोक्ता समितिबाट सामाग्री खरिद-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउन सकिने व्यवस्था छ। पालिकाले सालको पातबाट दुना टपरी उपकरण खरिद कोपिला सामुदायिक वन उसबाट रु.१,००,०० दुना टपरि मेसिन खरिद भएको रकम भुक्तानि गरेको देखिन्छ। नियम बमोजिम निर्मण कार्य गर्नुपर्नेमा सामाग्री खरिदको लागि उपभोक्ता समिति गठन भई भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,००,०००

६८ **बढी भुक्तानी-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नलिखित उपभोक्ता समितिले गरेको कार्यमा पेश भएको फोटोमा हेर्दा नापिमा किताबमा भन्दा देहायबमोजिम बढी रडको संख्या फरक परेको पाईयो। पालिकाले उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.

गोभौ नं	उपभोक्ता समिति	फोटोमा रडको संख्या	नापिमा देखिएको रड संख्या	उपभोक्ता समितिको योगदान कट्टी पश्चात बढी भुक्तानी रकम
५७३, २०८२।१।२१	ताराघारी बाटो नाला निर्माण	१२ वटा	१३ वटा	३१९०
६०७, २०८२।१।२४	सोक्लाह तल्लो सडक नाला निकास उस	७ वटा	८ वटा	५१६६
जम्मा				८३५६

असुल गर्नुपर्ने	८,३५६

६९ **रोजगारी सृजना-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउँदा सम्झौतामा लाभान्वित जनसंख्या, रोजगारीको अवस्था, स्थानीय स्तरमा श्रम र सामाग्रीको उपलब्धता लगायतको विश्लेषण गरी सोको आधारमा सम्झौता गर्ने र सम्झौताबमोजिम कार्य भए नभएको मूल्याङ्कन गर्ने गरेका छैन्। सम्झौताको फारामलाई औपचारिक्तामा उपयोग गर्दा सञ्चालित योजनाबाट के कति संख्यामा रोजगारी श्रृजना भएको छ भन्ने तथ्याङ्क प्राप्त हुने अवस्था रहेको छैन। योजना कार्य सञ्चालनको क्रममा डोर हाजिरका आधारमा रोजगारीको अवस्था यकिन गर्नसक्ने अवस्था छैन । डोर हाजिरलाई पेश गरिने बिल भरपाईको अंग पुरा गर्ने औजारको रुपमा प्रयोग गरेका डोर हाजिरमा काम गर्ने कामदारको नागरिक्ता, बाबु बाजे वा पति पत्नी उपभोक्ताको नाम, वतन आदि नखुलाउने गरेको कारण प्रस्तुत गरेका कामदार वास्तविक हुन् भनी यकिन गर्नसकिने अवस्था छैन । यसले गर्दा रोजगारी श्रृजनाको अवस्था यकिन हुन सकेन। उपभोक्तामार्फत सञ्चालनमा आएका योजना तथा कार्यक्रममा रोजगार प्राप्तिको अवस्था खुल्ने गरी अभिलेख राख्ने व्यवस्था गरिनु पर्दछ।

७० **प्याकेट बनाई खरिद-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने र नियमावली,२०६४ को नियम ८४ मा रु. १० लाख देखि रु.२० लाखसम्म सिलबन्दि दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले इनार तथा पार्क निर्माण कार्य गर्दा स-सना अंकमा योजनाहरु सञ्चालन गरी कार्यसम्पन्न गरेको देखिन्छ। यसरी टुक्राई खरिद गर्दा लागत अनुमान कै हाराहारीमा सम्झौता हुने भएकाले बोलपत्र खरिद प्रकृया भन्दा प्रति आयोजना लागत बढ्ने देखिन्छ। साथै कार्यमा गुणस्तरीय नियन्त्रण गर्न, निर्माण प्रति जबाफदेही बनाउन नसकिने जोखिम समेत रहन्छ। पालिकाले सम्भव भएसम्म प्याकेज बनाई बोलपत्र खरिद प्रकृयाबाट कार्य गर्नुपर्दछ।

गोभौ नं	उपभोक्ता समिति	निर्माण	रकम
इनार निर्माण			
४६, २०८१।७।१३	इनार निर्माण समिति	इनार निर्माण	३३२५००
८६१, २०८२।३।१६	खसिबास इनार निर्माण वडा न	इनार निर्माण	१९९२७०
६६४, २०८२।२।२०	धर्मनाथ यादब	इनार निर्माण	५००००
७०८, २०८२।२।२७	ढिकिबास तल्लो तामाङ्ग टोल इनार निर्माण	इनार निर्माण	१०७७५२
५९८, २०८२।१।२३	टंक मगरको टोल इनार निर्माण तिनतले	इनार निर्माण	८८७३१
८८९, २०८२।३।१८	गराँस मगर टोल खानेपानी इनार निर्माण वडा न. २	इनार निर्माण	१८८९०७
८८७, २०८२।३।१८	सिस्नेरी इनार निर्माण उस	इनार निर्माण	११७०८३
८९१, २०८२।३।१८	पुछार टोल खानेपानी इनार निर्माण	इनार निर्माण	४७००७
३३८,२०८१।११।२६	मदन भण्डारी राजमार्ग देखि केपछाकी टोल सम्म जाने नयाँ बाटो निर्माण तथा ईनार निर्माण	इनार निर्माण	१९८५४७
९, २०८१।७।१३	खानेपानी ईनार निर्माण	इनार निर्माण	६०१६१
६६२, २०८२।२।२०	सिमानपुर ईनार निर्माण	इनार निर्माण	१४७७७७
९६७, २०८२।३।२४	कल्याणपुर कुनाई ईनार निर्माण	इनार निर्माण	२३६५२५
६००, २०८२।१।२३	ईनार निर्माण उस	इनार निर्माण	४९४७२

७८४, २०८२।३।८	ईनार निर्माण उस	इनार निर्माण	८४०१७
६७५, २०८२।२।१९	ठुलो ददरिया ईनार निर्माण	इनार निर्माण	१४९६९६
७३९, २०८२।३।३०	खोक्सा-सानो ददरिया ईनार निर्माण	इनार निर्माण	९८०६०
७५६, २०८२।३।४	ईनार निर्माण गराँस उस	इनार निर्माण	३९९७२६
५८८, २०८२।१।२१	देविधापमा सिंचाई तथा कृयापुत्री भवनको लागि ईनार निर्माण	इनार निर्माण	७९९९९
८८४,२०८२।३।१८	सरस्वती मावि भोर्ले ईनार निर्माण	इनार निर्माण	१६९२६२
७५२, २०८२।३।२४	शिशिर गिरी टोल ईनार निर्माण	इनार निर्माण	१०७७८३
५७१, २०८२।१।२१	पुरानो ईनार संरक्षण स्कुल टोल	इनार निर्माण	७४७०१
७६४, २०८२।३।५	खुलाल डाँडामा ईनार निर्माण	इनार निर्माण	९२५७३
जम्मा			३०,०४,८४८
पार्क निर्माण			
गोभौ नं	निर्माणकर्ता	योजना	रकम
७३१, २०८२।३।२१	जय भवानी युसिका कन्स्ट्रकस्न प्रालि	बुद्ध पार्क निर्माण तथा व्यवस्थापन	५९७८८४
१७३, २०८१।९।२८	हरियालि पार्क निर्माण उस	हरियाली पार्क निर्माण	३५१०७९
१६५, २०८१।९।२८	राधाकृष्ण मन्दिर तथा पार्क निर्माण उस	राधाकृष्ण मन्दिर तथा पार्क निर्माण	७५६०५७
१६३, २०८१।९।२८	शितल पार्क व्यवस्थापन उस	शितल पार्क व्यवस्थापन	२७३२३७

९७७,२०८२।३।२४	विश्वशिखर निर्माण सेवा	मयाँखु शहिद पार्क	२८११३७
७२२, २०८२।२।२८	भक्त इन्जिनियरिङ्ग वर्क सप	चिल्ड्रेन पार्क निर्माण	२२०३५०
४९४, २०८२।१।१९	भिमसेन मन्दिर पार्क निर्माण तथा व्यवस्थापन उस	भिमसेन मन्दिर पार्क निर्माण तथा व्यवस्थापन	१९७५३२
६९३, २०८२।२।२५	राधाकृष्ण मन्दिर तथा पार्क निर्माण उस	राधाकृष्ण मन्दिर तथा पार्क निर्माण	१०६०००
९३, २०८२।३।२५	रमाईलो डाडा पार्क निर्माण उस	रमाईलो डाडा पार्क निर्माण	१६८५३४९
७९, २०८२।३।२२	गुरास हरियाली पार्क, निर्माण उस	गुरास हरियाली पार्क, निर्माण	२९८७८५
जम्मा			**४७६७४१०**

७१ **खरिदको विधि-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार आ.ब. २०८१/८२ मा भएको पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

खरिद विधि	**संख्या**	**खर्च रकम**
खुला बोलपत्र	५	३३८१०१०१
सिलबन्दी दरभाउपत्र	३२	१६३८२१३२
सोझै	७६	२५४०३७०७
अमानत	४	३६००००
उपभोक्ता समिति वा लाभग्राही समुदाय	३१२	१३५५३६९६०
जम्मा	**४२९**	

पालिकाले यो बर्ष ४२९ वटा योजना संचालन गरेको छ भने खुला बोलपत्रबाट ५ वटा योजना संचालन गरेकोमा उपभोक्ता समिति मार्फत हुने खरिद तथा निर्माण कार्य ३१२ वटा गरेको देखिन्छ। प्रतिस्पर्धात्मक विधि मार्फत खरिद गर्न जोड दिनुपर्दछ।

७२ **खरिद कानूनको पालना-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धि आवश्यक प्रक्रिया उल्लेख रहेको छ । साथै, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा निम्नानुसारका योजना तथा कार्यक्रममा लागत सहभागिता सहितको लागत अनुमान तयार नगरेको, कामको आवश्यकता, किसिम, गुणस्तर, जनशक्ति र कार्य सञ्चालन विधि तया नगरी भुक्तानी भएको देखिएकोले पालिकाले संघ सस्थाबाट कार्य गराउदा खरिद कानुनको पालनामा ध्यान

दिनुपर्दछ ।

भौ.न.	विवरण	संस्थाको नाम	रकम
५७७-२०८१।१०।८	स्थानीय तथाराष्ट्रिय दिवश तथा समारोह	नेपाल आदिवासीजनजाति महासंघ	२०००००
३७८-२०८२।३।८	आर्थिकसहायता	पाँचमौजाकछाडिया दनुवार समाज	२५०००
१४८-२०८१।७।१३	नेवार समुदायकोसंस्कार संस्कृती जोगाउने कार्यक्रम	झीगु नेवा :पुच	१५००००
६२८-२०८१।१०।२१	जनता सँग मेयरकार्यक्रम	झीगु नेवा : पुच	१०००००
१४६-२०८१।७।१३	नया वर्ष २०८१पूर्व सन्ध्या मनाउने कार्यक्रम	एभरेष्टसांस्कृतिक कला समाज	४०००००
४६०-२०८१।९।२३	युवा तथाखेलकुद र साँस्कृतिक कार्यक्रम	बेलसोत यूवाक्लव	४२००००
६१७-२०८१।१०।२०	कार्यक्रमखच्च	उदयपुर कलाकारसमाज	१०००००
पटक पटक	स्वास्थ्यशिविर संचालन कार्यक्रम	स्वर्गिक मार्गसंघ नेपाल	३१४७००
११२७-२०८२।१।२२	कार्यक्रमखर्च	युनिक डि थ्रिडान्स स्टुडियो	१५००००
४ पटक	कार्यक्रमसंघ	जेष्ठ नागरिसंघ	२७७९८८
जम्मा			**२१३७६८८**

७३ **हुरेण्डेक कार्यक्रम-**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई तोकिएको ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ। पालिकाले मानव अधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) सँग विभिन्न कृषि कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरी रु. १५,८७,००० लागत अनुमानमा सम्झौता भएको छ। पालिकाले केन्द्रलाई कार्यक्रम सञ्चालन बापत रु. ११,६५,२११ भुक्तानी गर्दा मानव अधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) संस्था मुल्य अभिवृद्धि करमा दर्ता (३०१६०२०३५) भएको देखिएपनि मु.अ. कर विजक जारी नगरी भुक्तानी गरेको पाईयो। साथै पालिकाले कुन कार्यक्रममा के कति खर्च भएको यकिन नगरी रु. ११,६५,२११ भुक्तानी गरेको देखिन्छ। हुरेण्डेकबाट कार्यक्रम अन्तर्गतका कृयाकलापमा भएको यथार्थ खर्चको विवरणका साथै कार्यक्रम सञ्चालन बापत हुरेण्डेकलाई भुक्तानी भएको रकमको मुअ कर विजक पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	११,६५,२११

७४ **इन्टरलकिङ टायलको गुणस्तर परीक्षण-** (९९२-2082-03-15):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ती गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दर रेट समितिले उदयपुर जिल्लाको आव २०८१।८२ लागि स्वीकृत जिल्ला दररेटले समेत इन्टरलकिङ टायलको गुणस्तर निश्चित गरेको छ। पालिकाले १२ नम्बर वडा कार्यालय भवन

निर्माण योजनाको इन्टरलकिङ कार्यको कुल रु. १४,८८,९९९ भुक्तानी गरेकोमा गुणस्तर परीक्षण नगरी इन्टरलकिङ कार्य लागि मात्र रु. ३,६२,७९० गरेकोले गुणस्तर सम्बन्धमा आश्वस्त हुन सकिएन । उक्त कार्यको गुणस्तर परीक्षण गरी सोको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३,६२,७९०

७५ **ट्रान्सफरमर खरिद-** (९२७-2082-03-21):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **९८९,४२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७६ **निजी शिक्षक -**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा रु.८६५०००।- निजी स्रोतका शिक्षकको तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलवलेख्नुपर्नेमा निजी स्रोतका शिक्षकलाई तलवभत्ता भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

गो.भौ./मिति	**विवरण**	**शिक्षकको नाम**	**महिना**	**रकम**
१२५१-२०८२।२।२०	आधारभूत विद्यालय भाक्रिबारी कटारी न.पा.वडा नं.१०	मान कुमारी श्रेष्ठ	१०	५००००
१२७१-२०८१।२।२२	शंखवेलआधारभुत विद्यालय चिप्टार वडा नं. १०	प्रकाश श्रेष्ठ रमनमानया मगर	१३	३०००००
१४२९-२०८२।३।७	कालिकाजन सेवा आ.वि.नारायणघाट वडा नं. ८	कोपिला श्रेष्ठ	१०	३०००००
		मोहन बहादुरश्रेष्ठ	७	१०५०००
		दिल माया भूजेल	७	११००००
जम्मा				**८६५०००**

अनियमित भएको	८,६५,०००

७७ **शिक्षा तर्फ**

७७.१ **स्थानीय पाठ्यक्रमः** पालिकाले संघीय सरकारवाट हस्तान्तरित चालुको सार्वजनिक विद्यालयका विद्यार्थी हरुको लागि निशुल्क पाठ्य पुस्तक अनुदान शीर्षकको भौ.न. ६९३।२०८२।३।२१ वाट रश्मी अफसेट प्रेस संग स्थानीय पुस्तक कक्षा १ देखि कक्षा ५ सम्मको कटारी ज्ञानमाला रु ९९७९३१ खरिद भएको छ । आगमी दिनमा आवश्यकताको आधारमा खरिद गर्दै वितरण गरेको भरपाई पेश गर्नुपर्ने रू.

पुस्तकको नाम	कक्षा	खरिद संख्या	वितरण संख्या	वाकि संख्या	खरिद दर	जम्मा रकम
कटारी ज्ञानमाला	कक्षा १	२०००	११९२	८०८	८९	७१९१२
कटारी ज्ञानमाला	कक्षा २	१५००	८९३	६०७	१०१.७५	६१७६२
कटारी ज्ञानमाला	कक्षा ३	१५००	८७५	६२५	१३५	८४३७५
कटारी ज्ञानमाला	कक्षा ४	१४००	९२४	४७६	१२३	५८५४८
कटारी ज्ञानमाला	कक्षा ५	१४००	९४८	४५२	१२७	५७४०४
				२९६८		३३४००१
					भ्याट	४३४२०
					जम्मा	३७७४२१

प्रमाण पेश नगरेको	३,७७,४२१

७७.२ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली २०५९ को नियम ९२ को शिक्षक विधार्थी अनुपात अनुसार सोहि नियमावलीको अनुसूची १२ वमोजिमको दरबन्दी यकिन गर्नुपर्ने प्रावधान रहेको छ अन्तसरकारी वित्त व्यवस्थापन ऐन, २०७४को दफा ९ ले स्थानीत तहलाई स्विकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता ससर्त अनुदानमा उपलब्ध गराउने प्रावधान रहेको छ ।नगरपालिका अन्तर्गत पालिका अनुदान प्राप्त सबै विधालयहरुको दरबन्दी र विधार्थी सहितको शिक्षक बिद्यार्थी अनुपात बिबरण देहायबमोजिम छन:

क्र. सं.	विद्यालयकोनाम	सञ्चालित तह रकक्षा	ठेगाना, वडानं.	जम्मा दरबन्दी	विद्यार्थीसंख्या	अनुपात
१	मा.वि. कालीखोला	कक्षा१-१०	कटारी-१	१०	२८८	१:२९
२	पञ्चावती मा. वि. खसीवास	कक्षा१-१०	कटारी-१	७	२४७	१:३५
३	आ. वि. तिम्नाही	कक्षा१-५	कटारी-१	१	१३	१:१३
४	जनता आ. वि. एक्लेसल्ला	कक्षा१-५	कटारी-१	१	२०	१:२०
५	आ. वि. बेलसोत	कक्षा१-८	कटारी-१	६	१२२	१:२०
६	जनज्योति आ. वि. पोखरिया	कक्षा१-३	कटारी-१	०	२०	0
७	बुद्ध आ. वि. सिस्नेरी	कक्षा१-३	कटारी-१	०	३२	0
८	पशुपति आ. वि. मझुवा	कक्षा१-५	कटारी-२	२	६७	१:३४
९	मा. वि. कल्याणपुर	कक्षा१-१०	कटारी-२	१२	२८०	१:२३
१०	कमला आ. वि. खोक्सा	कक्षा१-३	कटारी-२	१	३१	१:३१
११	जनता मा. वि. गुराँसे	कक्षा१-१२	कटारी-२	१३	३५१	१:२७
१२	मंगल परोपकार आ. वि. बलिया	कक्षा१-३	कटारी-३	०	५४	0
१३	चुरिया आ. वि. च्याँगा	कक्षा१-८	कटारी-३	६	१२६	१:२१
१४	सरस्वती मा. वि. हडैया	कक्षा१-१०	कटारी-३	६	२६३	१:४४
१५	मदरसा तालिमुल कुरान कटारी	कक्षा१-३	कटारी-३	०	३४	0
१६	मा. वि. मरुवा	कक्षा१-१२	कटारी-४	९	४४५	१:४९
१७	आ. वि. जहडी सिम्ले	कक्षा१-८	कटारी-४	७	२०९	१:३०
१८	त्रिवेणी मा. वि. कटारी	कक्षा१-१२	कटारी-४	३१	१९५०	0.0854
१९	देवी आ. वि. बैरेनी	कक्षा१-५	कटारी-४	३	६५	१:२२
२०	जनता आ. वि. फुलबारीसिरान	कक्षा१-८	कटारी-४	५	१९३	१:३९
२१	भवरी देवी आ. वि. तल्लोखैरेनी	कक्षा१-८	कटारी-५	७	२१३	१:३०
२२	देवी मा. वि. भुल्के	कक्षा१-१०	कटारी-५	१०	२७६	१:२८
२३	सरस्वती मा. वि. भोर्ले	कक्षा१-१०	कटारी-५	८	४३२	१:५४
२४	भगवती आ. वि. सिसाघारी	कक्षा१-५	कटारी-५	३	६४	१:२१
२५	जनशक्ति आ. वि. तीनतले	कक्षा१-५	कटारी-५	२	७१	१:३६
२६	दिपेन्द्र मा. वि. जोगीडाँडा	कक्षा१-१०	कटारी-६	६	४१९	0.0903
२७	आ. वि. बाँकेटार	कक्षा१-५	कटारी-६	३	५१	१:१७
२८	पदमकन्या आ. वि. लामीदुवाली	कक्षा१-५	कटारी-६	२	३०	१:१५
२९	आ. वि. धप्पर	कक्षा१-३	कटारी-६	२	५६	१:२८
३०	कालिका आ. वि. बगपति	कक्षा१-८	कटारी-६	३	१३१	१:४४

३१	सरस्वती आ. वि. मर्जेतपुर	कक्षा१-५	कटारी-७	३	६७	१:२२
३२	कालिका मा. वि. रतनपुर	कक्षा१-१०	कटारी-७	७	३१२	१:४५
३३	जनज्योति आ. वि. माकुरे	कक्षा१-५	कटारी-७	३	८४	१:२८
३४	जनप्रेमी मा. वि. रिस्कु	कक्षा१-१२	कटारी-७	१६	६०१	१:३८
३५	पद्मावती आ. वि. पाटने	कक्षा१-३	कटारी-७	१	१०	१:१०
३६	पशुपती आ. वि. तपी	कक्षा१-५	कटारी-७	३	६६	१:२२
३७	जनता आ. वि. थालियाटार	कक्षा१-८	कटारी-८	३	११०	१:३७
३८	रुपैरानी आ. वि. आहाले	कक्षा१-५	कटारी-८	२	४१	१:२१
३९	सिद्ववती आ. वि. ढुंगे	कक्षा१-५	कटारी-८	२	६२	१:३१
४०	विरेन्द्र आ. वि. भन्टाबारी	कक्षा१-८	कटारी-८	३	१४४	१:४८
४१	मा. वि. पटनाभन्ज्याङ	कक्षा१-१०	कटारी-८	७	३५९	१:५१
४२	जनप्रिय आ. वि. कुरीङभन्ज्याङ	कक्षा१-८	कटारी-८	३	९८	१:३३
४३	आ. वि. बबला माङफाङटोल	कक्षा१-८	कटारी-८	३	११८	१:३९
४४	कालिका आ वि. खोरभन्ज्याङ	कक्षा१-५	कटारी-८	०	४५	0
४५	कालिका जनसेवा आ. वि.कत्ले	कक्षा१-५	कटारी-८	०	५०	0
४६	डम्मरुद्रेश्वर मातापिता आ. वि. बतासे	कक्षा१-३	कटारी-९	१	११०	0.1181
४७	मा वि. लिम्पाटार	कक्षा१-१२	कटारी-९	८	३३४	१:४२
४८	महाकाली आ. वि. सुगुरे	कक्षा१-५	कटारी-९	३	५७	१:१९
४९	आ. वि. कालीखोला लिम्पाटार	कक्षा१-५	कटारी-९	२	१०५	१:५३
५०	आ. वि. सिरिसे आहाले	कक्षा१-८	कटारी-९	३	१०३	१:३४
५१	जनता कालिका मा. वि. सोरुङ	कक्षा१-१२	कटारी-१०	१२	४८२	१:४०
५२	आ. वि. राम्चे	कक्षा१-५	कटारी-१०	२	३६	१:१८
५३	आ. वि. बरडाँडा	कक्षा१-५	कटारी-१०	३	४३	१:१४
५४	सुनकोशी आ. वि. कटहरभन्ज्याङ	कक्षा१-५	कटारी-१०	०	९२	0
५५	शंखवेल आ. वि. चिप्टार	कक्षा१-८	कटारी-१०	४	१४५	१:३६
५६	आ. वि. गिजिङचौर	कक्षा१-५	कटारी-१०	२	३०	१:१५
५७	आ. वि. सोरुङ साङ्ले	कक्षा१-५	कटारी-१०	३	५७	१:१९
५८	आ. वि. झांक्रिबारी	कक्षा१-३	कटारी-१०	०	१५	0
५९	महाकाली आ. वि. पिनापू	कक्षा१-५	कटारी-१०	०	८६	0
६०	जनकल्याण आ. वि. गोठडाँडा	कक्षा१-५	कटारी-११	२	३९	१:२०
६१	सरस्वती मा. वि. हर्देनी	कक्षा१-१०	कटारी-११	७	२०८	१:३०
					३३	

६२	पटनदेवी आ. वि. डुडेबारी	कक्षा१-५	कटारी-११	२		१:१७
६३	पञ्चावती आ. वि. बेतेनी	कक्षा१-५	कटारी-११	०	८०	0
६४	सारदा आ. वि. खानीडाँडा	कक्षा१-५	कटारी-१२	३	७१	१:२४
६५	नागदेवी आ. वि. नागदह	कक्षा१-३	कटारी-१२	१	१३	१:१३
६६	पञ्चकन्या आ. वि. हरिथुम्का	कक्षा१-५	कटारी-१२	१	३१	१:१६
६७	जनमुखी मा वि. बसेरी	कक्षा१-१२	कटारी-१२	१५	३९५	१:२६
६८	आ.वि. हर्देनी चिलाउने	कक्षा१-८	कटारी-१२	५	१५५	१:३१
६९	जनता आ. वि. गालभन्ज्याङ	कक्षा१-५	कटारी-१३	२	६५	१:३३
७०	सरस्वती आ. वि. बरवास	कक्षा१-५	कटारी-१३	२	२५	१:१३
७१	कालिका आ. वि. जालिमेथुम्का	कक्षा१-५	कटारी-१३	२	३७	१:१९
७२	मा. वि. मयांखु	कक्षा१-१०	कटारी-१३	८	२५५	१:३२
७३	जाल्पादेवी आ. वि. ज्यामिटार	कक्षा१-५	कटारी-१३	३	५४	१:१८
७४	सहिद स्मृति आ. वि. मयांखु	कक्षा१-३	कटारी-१३	१	४०	१:४०
७५	जनप्रभात आ. वि. किन्दुभन्ज्याङ	कक्षा१-५	कटारी-१४	२	१४	१:०७
७६	आ. वि. माझाखानी	कक्षा१-५	कटारी-१४	२	३२	१:१६
७७	चन्द्रावती मा. वि. लेखानी	कक्षा१-१२	कटारी-१४	११	२९५	1:27
७८	बालविकास आ. वि. चनौटे	कक्षा१-५	कटारी-१४	२	२५	१:१३
७९	देवी बालविकास आ. वि. रानागाउँ	कक्षा१-३	कटारी-१४	०	१६	0
८०	कालिकादेवी बालविकास आ. वि. डाँडागाउँ	कक्षा१-३	कटारी-१४	०	२५	0
८१	पञ्चकन्या आ. वि. देउराली	कक्षा१-३	कटारी-१४	०	३२	0
			जम्मा	३३६	१२३५५	

उल्लेखित शिक्षक विद्यार्थी अनुपात विश्लेसण गर्दा अधिकासं विद्यालयमा शिक्षक विद्यार्थी अनुपान न्यून देखिन्छ भने १३ विद्यालय शिक्षक दरबन्दी वेगर सञ्चालन भएको देखिन्छ। केहि ठुला विद्यालयमा वाहेक सवै विद्यालयमा विद्यार्थी अनुपातमा शिक्षक संख्या वढि देखिन्छ ।न्युन विधार्थी भएका विधालयमा कार्यरत शिक्षकलाई बढि विधार्थी भएका विधालयमा दरबन्दी मिलान गर्नु पर्ने देखिन्छ । तोकिए बमोजिम शिक्षक विधार्थीको अनुपात कायम गरी शिक्षक नपुग हुने अबस्था देखिएमा मात्रै पालिकाले अन्य उपयुक्त विकल्प अवलम्बन गर्नु पर्दछ ।

७७.३ **दिवा खाजाः** पालिक तर्फ सञ्चलन हुनु संघीय शिक्षा कार्यक्रम कार्यान्वन कार्यविधि २०८१।०८२ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था छ । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएकाविद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणित गराईस्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदानदिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने सम्भव भएसम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको

मेनु व्यवस्थापनमा सहजिकरण गर्नेव्यवस्था रहेको छ।पालिकाले यसवर्ष दिवा खाजा वापत ८० विद्यालयलाई रु १,४२२२६९९ भुक्तानीदिएको छ। पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट प्रभावकारी रुपमा अनुगमन गर्नुपर्दछ ।

७७.४ **शिक्षाप्रशासन सुधारः** पालिकाले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन । कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने र कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वियन भएको छैन । शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन । संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन । संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन । शिक्षा प्रसासन सुधार तर्फ पालिकाले पहल गर्नु पर्दछ ।

७७.५ **शिक्षक दरबन्दी र पदपुर्ति-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	दरबन्दीप्रकार	तह	जम्मादरबन्दी	स्थायी	अस्थायी करार	राहत करार	संघीय अनुदान	प्राविधिकधार
१	प्राथमिक	कक्षा१-५	२२३	१३५	१६	७२	०	०
२	निम्नमाध्यमिक	कक्षा६-८	६९	२७	०	३३	७	२
३	माध्यमिक	कक्षा९-१०	७०	२१	१	२०	२६	२
४	माध्यमिक	कक्षा११-१२	१५	०	११	०	०	४
	जम्मा		377	183	28	125	33	8

क्र.सं.	दरबन्दीप्रकार	तह	जम्मादरबन्दी	स्थायी	अस्थायी करार	राहत करार	संघीय अनुदान	प्राविधिकधार
१	प्राथमिक	कक्षा१-५	२२३	१३५	१६	७२	०	०
२	निम्नमाध्यमिक	कक्षा६-८	६९	२७	०	३३	७	२
३	माध्यमिक	कक्षा९-१०	७०	२१	१	२०	२६	२
४	माध्यमिक	कक्षा११-१२	१५	०	११	०	०	४

पालिकाले अस्थायी करार तर्फको १७ जना शिक्षक शिक्षा सेवा आयोग माग गर्नु पर्ने र दरवन्दी पुनरावलोकन गरी विद्यालय शिक्षालाई व्यवस्थित वनाउन पहल गर्नु पर्ने देखिएको ।

७७.६ **विद्यालय अनुदानः** अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । यस स्थानीय तहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा

(राहत) र प्राविधिक धारतर्फका शिक्षक कर्मचारीका लागि शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपात र दरवन्दी मिलान नगरी शिक्षक बिद्यार्थी अनुपात घटी भएका बिद्यालयलाई शसर्त तर्फ र पालिकाले दिएको थप अनुदानका अतिरिक्त वडा कार्यलय तर्फको कार्यक्रममा राखी देहायको विद्यालयलाई शैक्षिक सुधार कार्यक्रम तथा शिक्षकको तलव बापत भनी अनुदानको रुपमा देहायको विद्यालयलाई रु ७७९५००० खर्च लेखेको छ ।

क.स	विद्यालयको नाम	शिक्षक संख्या	निकासा रकम
1	चुरिया आधारभूत विद्यालय कटारी-३ च्याँगा	1	205000
2	मंगल परोपकार आधारभूत विद्यालय कटारी-३बलिया	1	110000
3	आधारभूत विद्यालय कटारी-४ जहडी सिम्ले	1	216908
4	देवी आधारभूत विद्यालय कटारी-४ बैरेनी	1	209554
5	माध्यमिक विद्यालय कटारी-४ मरुवा	1	257978
6	जनता आधारभूत विद्यालय कटारी-४फुलबारीसिरान	1	250060
7	त्रिवेणी माध्यमिक विद्यालय कटारी-४कटारी	1	175500
8	देवी माध्यमिक विद्यालय कटारी-५ भुल्के	1	140000
9	सरस्वती माध्यमिक विद्यालय कटारी-५भोर्ले	2	280000
10	भवरी देवी आधारभूत विद्यालय कटारी-५खैरेनी	1	140000
11	जनशक्ति आधारभूत विद्यालय कटारी-५तिनतले	1	140000
12	भगवती आधारभूत विद्यालय कटारी-५ झोराटोल	2	280000
13	कालिका आधारभूत विद्यालय कटारी-६ बगपती	1	400000
14	दिपेन्द्र मावि कटारी-६ जोगीडाँडा	3	400000
15	आधारभूत विद्यालय कटारी-६ धप्पर	1	200000
16	पशुपती आधारभूत विद्यालय कटारी-७ तपी	1	200000
17	कालिका मा.वि कटारी-७ रतनपुर	1	200000
18	जनज्योति आधारभूत विद्यालय कटारी-७माकुरे	1	200000
19	माध्यमिक विद्यालय कटारी-८ पटनाभङ्याङ	1	250000
20	जनता आधारभूत विद्यालय कटारी-८ थलियाटार	1	200000
21	आधारभूत विद्यालय कटारी-८ कुरिङभन्ज्याङ	1	50000
22	आधारभूत विद्यालय बबला कटारी-८माङफाङटोल	2	200000
23	कालिका जनसेवा आवि कटारी-८ कत्ले	2	200000
24	आधारभूत विद्यालय कटारी-९ कालिखोला	1	200000
25	डम्बरुद्रेश्वर मातापिता आवि कटारी-९बतासे	1	300000
26	आधारभूत विद्यालय कटारी-९ सिरिसे	2	500000

27	माध्यमिक विद्यालय कटारी-९ लिम्पाटार	4	900000
28	शंखवेल आवि कटारी-१० चिप्टार	1	100000
29	जनकल्याण आवि कटारी-११ गोठडाँडा	1	130000
30	पटनदेवी आवि कटारी-११ डुडेबारी	1	130000
31	माध्यमिक विद्यालय कटारी-१३ मयाँखु	1	170000
32	चन्द्रावती मावि कटारी-१४ लेखानी	1	460000
जम्मा		**42**	**7795000**

पालिकाले विद्यालय एकिकरण गर्ने, शिक्षक व्यवस्थापन गर्ने , पालिकाको शिक्षक दरवन्दि मिलान गर्ने र आवश्यक दरवन्दी प्राप्त गर्ने तर्फ पहल गर्नु पर्ने देखिन्छ ।

७७.७ **विद्यालय जिन्सी दाखिला** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२,२७७,५९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७७.८ **सट्टा शिक्षकः** पालिक तर्फ सञ्चलन हुने संघीय शिक्षा कार्यक्रम कार्यान्विन कार्यविधि, २०८१।०८२ मा दरवन्दिको शिक्षक रहेको अवस्थामा सट्टा शिक्षक राख्ने व्यवस्था नभएकोमा त्रिवेणी मावीमा मा.वि. मा दरवन्दीमा रहेको एक शिक्षकलाई पालिकामा राखी पालिका अनुदान वाट सट्टा शिक्षकमा दिपक कुमार पौडैललाई नियुत्ती गरी वार्षिक रु ६०११३४ भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	६,०१,१३४

७७.९ **स्यानिटरी प्याड**- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ देखि कक्षा १२ सम्मको छात्रा विद्यार्थीहरु ३०४६ जना रहेका छन। पालिकाले ३६०। २०८२।१।११ वाट ३८३९० थान स्यानिटरी ई विडिङ वाट रु. ८२३३६५ (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा अन्तिम समयमा खरिद गरी नगरपालीकामा करिव ८०४० थान र विद्यालयमा २२०४८ हजार थान गरि जम्मा ३००८० मौज्दात राखेको देखिन्छ। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ। कार्यलयमा वाँकी रहेको स्यानिटरी प्याड सुरक्षित साथ वितरण गर्नु पर्दछ ।चालु आर्थिक वर्षमा खरिद गर्दा मौज्दातलाई विचार गरी खरिद गर्नु पर्दछ ।

क्र स	विद्यालयको नाम	विद्यालयले खरिदगरेको प्याडको परिमाण २०८१।८२ पाकेट	नगरपालिकाबाटप्राप्त गरेको प्याड विवरण २०८१।८२ पाकेट	जम्मा खर्च२०८१।८२	जम्मा मौज्दात२०८२ असार मसान्त सम्म	अघिल्लो आ.व२०८०।८१को मौज्दात
1	जनप्रेमी मा.वि रिस्कु	955	3000	2000	1955	0
2	जनप्रिय आ.विकुरीडभन्ज्याङ	138	300	150	288	0
3	सरस्वती मा.विहडैया	270	900	347	823	0
4	पंचावती मा.विखसीवास	200	450	400	250	0
5	सरस्वती मा.वि भोर्ले	370	1500	370	1500	0
6	शंखवेल आ.विचिपटार	240	300	400	140	0
7	मा.वि मयांखु	330	1200	395	1135	0
8	आ.वि बबला	252	300	130	422	0
9	आ.वि सिरिसेआहाले	200	0	180	20	0
10	कालिका आ.विबगपति	40	450	320	170	0
11	मा.वि लिम्पाटार	1200	१०५०	1050	1220	20
12	दिपेन्द्र मा.विजोगीडाँडा	528	1200	900	828	0
13	जनता आ.विथालियाटार	170	300	315	155	0
14	जनमुखी मा.विबसेरी	1908	0	1446	462	0
15	जनता मा.विगुराँसे	240	1500	900	840	0
16	मा.वि कल्याणपुर	485	1050	370	1165	0
17	मा.विपटनाभन्ज्याङ्ग	430	1700	1130	1000	0
18	सरस्वती	313	1200	1243	270	0

	मा.विहर्देनी					
19	आ.वि जहडीसिम्ले	198	450	300	348	0
20	आ.वि चिलाउने	154	0	154	66	66
21	चन्द्रावती मा.विलेखानी	468	1500	416	1552	0
22	भवरी देवी आ.वि	280	600	480	400	0
23	जनता कालिका मा.विसोरुङ	885	1500	1225	1160	0
24	मा.वि कालीखोला	380	1350	880	850	0
25	जनता आ.विफुलबारीसिरान	170	450	300	320	0
26	देवी मा.विभुल्के	511	1500	1050	961	0
27	मा.वि मरुवा	965	1500	951	1514	0
28	कालिका मा.विरतनपुर	527	1350	590	1287	0
29	त्रिवेणी मा वि	4800	3000	7100	1200	500
30	आवि वेलसोत	162	300	429	33	0
31	विरेन्द्र आविभन्टाबारी	126	300	320	106	0
32	चुरीया आ विच्याङ्गा	110	150	120	140	0
33	डमरुद्रेश्वर मातापिता आ वि बतासे	304	0	250	54	0
जम्मा		**18309**	**30350**	**26611**	**22048**	

७७.१० **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवंम पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन :राष्ट्रिय शिक्षा नीति,२०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन।अतःपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

(घ) अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

७७.११ **कार्यक्रम कार्यन्वयन पूस्तिका विपरित खर्चः** संघीय शिक्षा तर्फ विनियोजन भएको रकम खर्च गर्दा कार्यक्रम कार्यान्वयन कार्यान्वयन पुस्तिका,२०८१।०८२ को पालना गरी मात्र खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले समयमानै स्यानीटरी प्याडको व्यवस्था गरी विद्यालयलाई आवश्यकता अनुसार हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । संघीय शसर्तको शिक्षा तर्फ स्यानीटरी प्याड तर्फ विनियोजन भएको वजेट खर्च गर्दा पालिकाले वैसाखमा मात्र खरिद गरेको छ । बैशाख भन्दा अगाडी सम्वन्धित विद्यालयलाई स्यानीटरी प्याड खरिद विलको आधारमा भौचर नम्वर ७०१।२०८२।३।२२ र ७३७। २०८२।३।२५ वाट क्रमश रु ८९६९२२ र ३२७८३८ गरी जम्मा रु १२२४७६० विभिन्न स्कुललाई भुक्तानी गरेको छ । कार्यविधिमा विद्यालयलाई स्यानीटरी प्याड खरिद विलको आधारमा रु १२२४७६० भुक्तानी गरिने व्यवस्था नभएकोले कार्यक्रम कार्यन्वयन पूस्तिका विपरित खर्च भएको अनियमित देखिएको।

अनियमित भएको	१२,२४,७६०

७८ **स्वास्थ्यतर्फ**

७८.१ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।यसवर्ष पालिकाले संघीय शसर्तवाट रु १८४३००० र पालिकाको रु ६२०००० औषधि खरिदको बजेट व्यवस्था भएकोमा ई विडिङ वाट आईटम वाईज रुपमा विभिन्न भौचरवाट रु १६७५६३५ को औषधी खरिद गरेको छ ।पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन र पालिकाले औषधि खरीद गर्दा आवस्यक्ता यकीन गरी औषधि खरिद गरेको देखिदैन ।केहि औषधिहरु म्याद सकिएको छ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकीन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।१० वटा औषधिको मौज्दातको अवस्था देहाय अनुसार छ ।

क्रम संख्या	औषधीकोनाम	खरिदसंख्या	स्वास्थ्यकार्यालयबाट प्राप्त	जम्मा	खर्च	बाकी(असारमसान्तसम्म)	गत वर्षको अल्या
१	PARACETAMOL ५०० MG tablet	१३५०००	२७५००	२४६५००	१८७३००	५९२००	८४०००
२	AMLODIPINE ५ MG tablet	४९०००	११५००	६०५००	७०८००	७८८६	१६९८६
३	RANITIDINE १५० MG tablet	४५०००	०	४५०००	५३५९५	२४४५	११०४०
४	ALUMINIUM+ MAGNESIUM HYDROXIDE	२५०००	०	२५०००	१९६००	५४००	
५	METFORMIN ५०० MG tablet	२८०००	०	२८०००	४६९००	४७००	२३६००
६	VITAMIN B COMPLEX tablet	२४०००	०	२४०००	२२०५०	१९५०	
७	METRONIDAZOLE ४०० MG tablet	२२५००	०	२२५००	३७३५०	३०९००	४५७५०
८	CETRIZINE १० MG tablet	२००००	४०००	२४०००	४४०००	८२००	१९२००
९	AMOXYCILLINE ५०० MG tablet	२९०००	०	२९०००	४७०००	२९२२०	४२२२०
१०	FERROUS SULPHATE+FOLIC ACID tablet	२५०००	५००००	७५०००	७२९००	२१००	स्वास्थ्य कार्यालयबाट अघिल्लो आ.व.मा २ महिना date भएको औषधीप्राप्त

क्र.स	औषधीकोनाम	म्याद समाप्त भएको औषधि	रकम	कैफियत
१	Tablet Ferrous sulphate + folic acid	५००००		जिल्लाबाटप्राप्त ९४०००
२	Calsium gluconate injection	४२		जिल्लाबाटप्राप्त
३	vitamine k ०.५ ml injection	५००		न.पा. खरिद
४	Tablet Losarton २५ mg	३०००		जिल्लाबाटप्राप्त
५	Tablet Losarton ५० mg	३५०००		जिल्लाबाटप्राप्त
६	Capsule Doxycycline १०० mg	१२४९		Near date को प्राप्त
७	Tablet methylcobalamine १५०० mcg	६००		जिल्लाबाटप्राप्त
८	Tablet Glimiperide २ mg	१०००		जिल्लाबाटप्राप्त
९	Tablet Metformine १ gm	१५००		जिल्लाबाटप्राप्त
१०	Tablet Carbamazepine ४०० mg	१०००		जिल्लाबाटप्राप्त

मानव स्वास्थ्यसंग जोडिएको संवेदनशील र अतिआवश्यक औषधी समयमा नै खरिद गरी नगरका सवै स्वास्थ्य संस्थाहरुमा उपलव्ध गराउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । पालिकाले वार्षिक खरिद योजना र औषधी वितरण कार्यतालिका समयमा नै स्वीकृत गर्ने र

कार्यातालिका अनुसार औषधि खरिद तथा वितरण प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिएको छ । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।म्याद नाघेको औषधिलाई नस्ट गर्नु पर्दछ ।

७८.२ **निःशुल्क उपचार सहायताः**जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष ११० जनालाई पालिकावाट मृगोला प्रत्यारोपण र डायलाईसिस गराएको, क्यान्सर मेरुदण्ड र पक्षघातको विरामीलाई रु २३३५९९९ वितरण गरिएको छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

७८.३ **मार्गदर्शन विपरित खर्चः** आर्थिक वर्ष २०८१।०८२ मा स्थानीय तहवाट गरिने स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरुको सन्चालन सम्वन्धी मार्गदर्शनमा कर्मचारीहरुको तलव, महगीं भत्ता, स्थानीय भत्ता,पोषाक भत्ता शीर्षकमा विनियोजन भएको वजेटवाट खर्च लेख्दा कर्मचारीहरुको तलव, महगीं भत्ता, स्थानीय भत्ता,पोषाक भत्ता लगायतको अनिवार्य दायित्वमा वाहेक अन्य शीर्षकमा रकम खर्च गर्न नपाईने उल्लेख छ ।पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा कटारी अस्पताल कटारीलाई रू. ४५ लाख नगद अनुदान र करिव रु १५ लाख को निशुल्क औषधि हस्तान्तरण गरेको छ । यसको अतिरिक्त पालिकाले सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरुको सन्चालन सम्वन्धी मार्गदर्शनमा स्वस्थ्य तर्फको तलव खर्च लेख्दा कर्मचारीहरुको तलव, महगीं भत्ता, स्थानीय भत्ता,पोषाक लगायतको खर्चमात्र लेख्न मिल्ने शीर्षकवाट मार्गदर्शन विपरित देहाय बमोजिम संघीय सशर्तवाट रु ७४३७८६२ खर्च लेखिएको छ । यसरी खर्च लेख्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।

गोश्वारा भौचर र मिति	खर्च शीर्षक	रकम रु
६९१।२०८२।३।२०	अतिरिक्त समय कार्य गरे वापत भत्ता	१५६१०२०
६१४।२०८२।३।१५	कार्यलय सहयोगिको अतिरिक्त भत्ता	८३०३०
६१२।२०८२।३।१५	रात्रिकालिन भत्ता	११६१६०
५९५।२०८२।३।१३	अतिरिक्त समय कार्य गरे वापत भत्ता	२०६३२३
५८१।२०८२।३।१२	खाजा	२४७२००
५५७।२०८२।३।१२	विविध विल	३९२००
४५४।२०८२।२।२६	नाईट खाजा	८२२००
४४२।२०८२।२।२६	सरुवा भ्रमण	२५८६०
३५५।२०८२।१।९	अतिरिक्त समय कार्य गरे वापत भत्ता	४३३४६१२
३५१।२०८१।१।८	अतिरिक्त समय कार्य गरे वापत भत्ता	१३९०३९
३३९।२०८१।१२।२२	सरुवा भ्रमण खर्च	८२००
२७७।२०८१।११।२७	भ्रमण खर्च	११७००
११८।२०८१।९।४	शिशु स्याहार भत्ता	५०००
५७९।२०८२।३।१५	अतिरिक्त समय कार्य गरे वापत भत्ता	५७८३१८
	जम्मा	**७४३७८६२**

यस सम्वन्धमा छलफल गर्दा अस्पताल सञ्चालनको लागि आवश्यक स्रोतको कमि भएको कारण अस्पतालबाट प्रावह हुने सेवा अवरुद्ध नहुने गरी काम गर्न उक्त खर्च अपरिहार्य भएको र गत विगत आर्थिक बर्षहरुमा पनि यसै गरी खर्च गर्ने गरिएको पालिका र अस्पतालको भनाई रहेको पाईयो ।

७८.४ **संघीय सञ्चित कोष फिर्ता -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **८५०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७९ **बहुक्षेत्रीय पोषण कार्यक्रम -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले सुत्केरी महिलाका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमबाट घिउ र ज्वानो खरिदमा रु.५००,००० बिनीयोजन गरेकोमा रु.३८६५०० खर्च भएको छ ।लागत अनुमान तयार गर्दा एक जना सुत्केरीको लागि १ के.जी घिउ र १ प्याकेट ज्वानो भएको २७५ पकेट वितरण गरिने उल्लेख भएको छ ।पालिकाले अस्पताल तथा स्वास्थ्य चौकी गरी ७ स्थानबाट सुत्केरी भएका २३५ जना महिलालाई प्याकेट सामाग्री वितरण गरेको छ भने लेखापरीक्षणको अवधिसम्म पनि २९ थान मौज्दातमा रहेको देखियो ।जेष्ठ महिनामा सुत्केरी महिलाका लागि घिउ लगायतको सामाग्री खरिद गरेको कति समयभित्र वितरण

गरिसक्नुपर्ने हो ध्यान दिएको देखिएन अत विगत वर्षका सुत्केरी संख्यालाई आधार लिएर सामाग्री खरिद गर्ने र समयमा नै वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

८० अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि , पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संमल्गनताग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पशु तर्फ देहायको कृषक तथा कृषक समुहालाई अनुदान वापत रु ४०५०००० खर्च भएको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

	कार्यक्रम	पालिकाको अनुदान	लागत सहभागीता	जम्मा खर्च	लाभान्वित संख्या	कैफियत
१	घाँसको बीउखरीद वितरण	१००% (२५००००)	०	२५००००	१-१४ वटैवदाका कृषक	
२	बाख्रा पालक कृषक प्रोत्साहन कार्यक्रम	७५% (४०००००)	१००,०००	५०००००	वडा नं १ का ९ घर परिवार कृषकलाई बोयर बिउ बोका वितरण	
३	गाईभैसी गोठ सुधार कार्यक्रम	६०००००	०	६०००००	वडा नं २ र ३ को गरी 84 घर परिवार कृषकलाई गोठ सुधारको लागीसिमेन्ट वितरण	
४	बाख्रा तथा भैसी पालक किसान अनुदान कार्यक्रम	७५ %अनुदान २५००००	६२५००	312500	वडा नं ६ का ८ परिवार कृषकलाई जमुनापारी क्रस बिउ बोका वितरण	
५	जर्सी गाईभैसी दुग्ध जन्यउत्पादनमा कृषक सँग साझेदारी कार्यक्रम	४०% (५०००००)	७२००००	१२२००००	वडा नं १२ का १२ घरपरिवारलाई माउ भैसीखरीद गरे बापत सम्झौताको आधारमा भुक्तानी	
६	गोठ सुधारकार्यक्रम	४०००००		0	काउम्याट वितरण	
७	बाख्रापकेट कार्यक्रम	१५०००००	९९००००	२४९००००	माहाभारत कृषक समूह वडा नं ९ का २१ घरपरिवारमा उन्नत जातको बाख्रावितरण साथै १८ घरपरिवारकों खोर सुधार गरिएको	खोर सुधारमा ८५प्रतिशत अनुदान बाख्रा वितरणमा ५० प्रतिशत अनुदान
८	गाईभैसी प्रवर्द्धन पशु असल अभ्यास कार्यक्रम	१५००००		१५००००	५ घरपरिवारलाई जैविक सुरक्षाको लागी काउम्याट वितरण	
	जम्मा	**४०५००००**		**५५२२५००**		

८१ **करार खेती कार्यक्रम** –

पालिकाले वडा नं. ३ को लाली गुराँस दलित कृषक समुहको रु.९८७७५ र वडा नं. ५ को नमुना कृषक समूहले करार खेतीको लागि लिएको जग्गाको भाडा वापत रु.८५००० रकम भुक्तानी गरेको देखिन्छ । जसमा देहाय बमोजिमका व्यहोरा देखिएका छन् -

८१.१ (२९-2081-09-24):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न भए वा नभएको कार्यालयले यकिन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कटारी नगरपालिका वडा नं. ३ हडैयामा सञ्चालन भएको नमुना करार खेती कार्यक्रमका लागि सुजता कार्की,भोला कुमार कार्की, विर बहादुर कार्की र यम बहादुर खड्काको नाउमा रहेको कुल २ विगाहा २ कट्ठा ६ धुर ५ आना जग्गा प्रति कट्ठा रु.१५४० का दरले भाडामा लिने गरी वडा नं. ३ का वडाध्यक्ष पुष्कर खड्कालाई रहोबरमा राखी २०८० श्रावण १ देखी २०८१ पौष मसान्त सम्म सम्म भाडामा लिने दिने गरी

लालि गुराँस दलित कृषक समुह कटारी ३ र जग्गाधनी बिच सम्झौता भएको देखिन्छ । मिति २०८१ षौष ७ मा जग्गाधनीले कृषक समुहलाई जग्गा भाडा उपलब्ध गराईदिनुहुन भनी निवेदन लेखेकोमा पुन सो समुहले पालिकालाई पत्र लेखी सो रकम भुक्तानीको लागि अनुरोध गरेकोमा पालिकाले उल्लेखित जग्गाको रु.९८,७७५ रकम भुक्तानी गरेको देखियो ।सम्झौता व्यक्ति र कृषक समुहबिच भएको र सो सम्झौतामा रकम कृषक समुहले कृषकलाई चौमासिक रुपमा भुक्तानी गर्ने गरी सम्झौता हुँदा समेत पालिकाले रकम भुक्तानी भएको देखिएकोले भुक्तानी भएको रकम सम्बन्धित कृषक समुहबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	९८,७७५

८१.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न भए वा नभएको कार्यालयले यकिन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कटारी वडा नं. ५ मा संचालनमा रहेको करार खेती कार्यक्रमका लागि ३-१५-५-० क्षेत्रफल भएको जग्गा प्रतिवर्ष प्रतिकठ्ठा रु.१२०० का दरले भाडामा लिई करार खेती गर्ने गरी जग्गा धनी स्वंय कुमार राई भन्ने सोम कुमार राई र नमुना कृषक समूह बिच बडा नं. ५ का बडाध्यक्षलाई रहोवरमा राखी मिति २०८० श्रावण १ देखी २०८१ असार मसान्त सम्म मात्र सम्झौता भएको देखिन्छ । संलग्न कागजात हेर्दा सो पश्चात सम्झौताको म्याद थप भएको देखिएन ।मिति २०८१ कार्तिक १३ गते नमूना कृषक समुहले पालिकासँग रकम माग गरेकोमा पालिकाले २०८१ कार्तिक सम्म हुने रु.८५००० कृषक समुहलाई भुक्तानी गरेको देखियो । अत सम्झौता नमूना कृषक समुह र जग्गाधनी बिच भएकोमा पालिकाले कुनै आर्थिक दायित्व बहन गर्नुनपर्ने र सम्झौता २०८१ असार मसानतसम्म भएकोमा २०८१ कार्तिक सम्मको प्रतिकठ्ठा रु.१२०० का दरले रकम भुक्तानी भएको देखिएकोले सो रकम सम्बन्धित कृषक समुहबाट असुल पर्ने रु.

असुल गर्नुपर्ने	८५,०००

८२ सामाजिक सुरक्षा

८२.१ **बैंक प्रमाणित-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७को दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैंकबाट एक आर्थिक बर्षसम्म वा सो भन्दा बढी समयमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गरी सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी उक्त लाभग्राही निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए गरी बढी भएको रकम यकिन गरी संघीय सञ्चित कोषमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

क्र.सं.	सामाजिक सुरक्षाभत्ता वितरण गर्ने बैंक	वडा	निष्कृय संख्या	रकम	कैफियत
१	कुमारीबैंक लि. कटारी	८ र १२	५	६८४०१	वडामा जानकारी गराईय किन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने
२	माछापूच्छ्रे बैंक लि.कटारी	१, ११, १३ र १४	३१	२४८१८७	वडामा जानकारी गराईयकिन गरी बेरुजु खातामा फिर्ता गर्नुपर्ने
३	कृषि विकासबैंक लि. कटारी	७		१०४६७३५	विगत लामोसमय देखि निष्कृय रहेको पाईएको र फिर्ता गर्ने
४	एन आई सिएशिया बैंक लि. कटारी	९र १०			विवरण प्राप्त नभएको प्राप्त गरी यकिन गर्नु पर्ने
५	सिद्धार्थबैंक लि.	४			विवरणप्राप्त नभएको प्राप्त गरी यकिन गर्नु पर्ने
जम्मा			**३५**	**१३६३३२८**	

प्रमाण पेश नगरेको	१३,६३,३२८

८२.२ **सामाजिक सुरक्षा भत्ता वितरण** - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष संघीय सरकारबाट प्राप्त बजेट मध्ये रू. 240479200 सामाजिक सुरक्षा भत्ता वितरण गरेको आर्थीक विवरण पेश गरेको छ ।पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ।

लक्षित समुह	आ.व. २०८०/८१ को चार त्रैमासिकको औसत संख्या	आ.व. २०८१/०८२ को चार त्रैमासिकको औसत संख्या	भत्ता दर
अन्य जेष्ठ नागरिक भत्ता	३२४३	३४६०	४०००
जेष्ठ नागरिक (दलित)	२६७	२८२	२६६०
जेष्ठ नागरिक (एकल महिला)	४१५	३२३	२६६०
विधवा	६८०	८३३	२६६०
पुर्ण अपाङ्गता	२३०	२५६	३९९०
अति अशक्त अपाङ्गता	४८०	६३६	२१२८
दलित बालबालिका	५६७	५३६	५३२
लोपोन्मुख जाति	४४	४४	३९९०
जम्मा	५९२६	६३७०	

८२.३ **सामाजिक सुरक्षा भत्ता वितरण** - सामाजिक सुरक्षा भत्ता नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा

प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।यस नियम बमोजिम उक्त अनुसुची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको रकम निम्न अवस्थामा रहेको पाइयो ।

वडा	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा खर्च
१	४३१६०७६	४३५३८४०	४४२२५०५	४५१३५६९	१७६०५९९०
२	५३७४५८०	५४४३६४०	५४७६५८१	५५३०६८५	२१८२५४८६
३	५५९३९२४	५६२८३८८	५६९८२६९	५७३८३०३	२२६५८८८४
४	६६२२८२३	६७११९७३	६७४८७२४.४९	६८९१७६०	२६९७४४८०
५	७६१२९२८	७६०१४०७	७६५०३५३	७७६९१०९	३०६३३७९७
६	४६६४१५४	४६७२०४४	४६१९७२१	४७१०६४६	१८६६६५६५
७	४३७३७२६	४३८५७२३	४४२५८७३	४५३१७९१	१७७१७११३
८	३७७९२१३	३७९८९८३	३८५०७४३	३८९१२२२	१५३२०१६१
९	२८०८४१२	२८४०५८३	२८३१४२१	२८४८८३३	११३२९२४९
१०	४११०७३१	४१७८९०९	४२७६९१७	४३१८०३५	१६८८४५९२
११	२३७२३७६	२३७२१०८	२४०७४९१	२४२५३००	९५७७२७५
१२	२६२२१७२	२६२३५०४	२६६१५५३	२७१३६१७	१०६२०८४६
१३	२३७९५३६	२३८९८२२	२३७१०८३	२३६७३२४	९५०७७६५
१४	२७३५५७२	२७७७७३१	२८२७६०८	२८१६०८६	१११५६९९७
जम्मा	५९३६६२२३	५९७७७८५५	६०२६८८४२	६१०६६२८०	२४०४७९२००

८२.४ **नागरिकता नम्बर एकै भएका लाभग्राही-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ । नेपाल सरकारले जारी गर्ने नागरिकता नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता नंम्वर दोहोरो परेको देखिन्छ । पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी दोहोरो परेको भए अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

सि न	वडा	नाम	नागरिकता नम्वर	भुक्तानी
प्रथम किस्ता				
1	3	नर्बदा राय क्षेत्री	१४१०३६	६३८४
2	3	ममता राई	१४१०३६	६३८४
3	3	टिका राज धमला	४०२०	६३८४
4	3	टिकाराम धमला	४०२०	६३८४
दोस्रो किस्ता				
1	3	नर्बदा राय क्षेत्री	१४१०३६	६३८४
2	3	ममता राई	१४१०३६	६३८४
3	3	टिका राज धमला	४०२०	६३८४
4	3	टिकाराम धमला	४०२०	६३८४
तेस्रो किस्ता				
1	3	नर्बदा राय क्षेत्री	१४१०३६	६३८४
2	3	ममता राई	१४१०३६	६३८४
3	3	टिका राज धमला	४०२०	६३८४
4	3	टिकाराम धमला	४०२०	६३८४
चौथो किस्ता				
1	3	नर्बदा राय क्षेत्री	१४१०३६	६३८४
2	3	ममता राई	१४१०३६	६३८४
3	3	टिका राज धमला	४०२०	६३८४
4	3	टिकाराम धमला	४०२०	६३८४

८२.५ **परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। कार्यविधिको पालना हुँनु पर्दछ ।

८३ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १४ वटा वडामा १४ वटा योजना सञ्चालन गरी यस वर्ष ८७ जनालाई औसत ७० दिनले ६०८० दिन रोजगारी उपलब्ध

गराई रु.४०६१४४० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

८४ **प्रमाण पेश गर्नुपर्ने-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सार्वजनिक नियकायले खर्च गर्नु अघि आवश्यक बिल भरपाई तथा प्रमाण कागजात रुजु गरेर मात्र खर्च गर्नु पर्दछ । पालिकाले पेश गरेका श्रेस्ताहरु मध्ये नमूना छनौटगरी परीक्षण गर्दा पालिकाले देहायका कार्यमा पुष्टाई हुने कागजात पेश नगरी खर्च रकम लेखेको देखिएकोले खर्चलाई पुष्टाई गर्ने कागजात पेश गर्नुपर्ने देखिएको रु.

भौ.न.	**विवरण**	**रकम**	**कैफियत**
१९२	सेवा तथा परामर्श	३००००	कानुनी परामर्शको लागि राजेन्द्र प्रसाद भट्टराईलाई भुक्तानी गर्नुपर्नेमा कुलदिपप्रसाद दाहाललाई भुक्तानी गरेको र रिट आदेशमा समेत वहस गरेको नदेखिएकोले खर्चभुक्तानीको पुष्टाइ हुने कागज पेश हुनुपर्ने ।
११६७	ह्युमपाइप खरिद	९०००४	सिमसार जाने बाटोको लागि भनी ५ थान ह्युमपाइप खरिद शम्भुनाथ कंक्रिट उदयोगलाई रकमभुक्तानी भएको छ । हस्तान्तरण वा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने
जम्मा		**१२०००४**	

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१,२०,००४

८५ **डोर हाजिरी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले यस आर्थिक वर्षमा छैटौ तहसम्मका कर्मचारी करारमा राखेको तथा करार सेवा भन्दा बाहिर मासिक रुपमा नै नियमित तलवभत्ता भुक्तानी गर्ने गरी डोर हजिरमा विभिन्न व्यक्तिलाई ज्यालादारीमा कामकाज गराएको विवरण पेश भएको छ । जसका लागि ७५ जना कर्मचारी करारमा नियुक्त गरी रु. २ करोड ७७ लाख ३३ हजार र डोर हाजिरमा मासिक २२ जना देखी २५ जनासम्मको बार्षिक कुल रु.५१ लाख ७७ हजार खर्च गरेको देखिन्छ । डोर हाजिरी मार्फत आकश्मिक रुपमा केही कामकाज गर्नुपर्ने भएका डोर हाजिरी मार्फत कार्य गराउनुपर्नेमा पालिकाले स्थायी, करार सेवामा कर्मचारी राखेपश्चात समेत दैनिक ज्यालादारीमा शनिवार तथा सार्वजनिक विदा लगायतको अवधिमा समेत कामकाज गरेको भनी स्वास्थ्य सेवा, सरसफाई, लगायतका व्यक्तिलाई डोर हाजिरमा गराएको देखिएकोले पालिकाले दरवन्दी बमोजिम कर्मचारी पदपूर्ती आवश्यकता र औचित्यताका आधारमा मात्रै डोर हाजिरीमा खर्च लेख्नुपर्नेमा मासिक रुपमा नियमित कामकाज लगाएर गरिएको भुक्तानी रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

क्र.सं.	महिना	डोरहाजिरमा कार्यरत व्यक्ति संख्या	डोर हाजिरमाभएको खर्च
१	श्रावण	२२	४२५७१६
२	भाद्र	२२	४२५७१६
३	आश्विन	२३	३७३१४०
४	कार्तिक	२३	३७३१४०
५	मंसीर	२२	४१२६७०
६	पौष	२३	४२४५७६
७	माघ	२४	४३७४५६
८	फागुन	२४	४२८६०७
९	चैत्र	२५	४६७४५७
१०	वैशाख	२४	४४१८८५
११	ज्येष्ठ	२४	४७७७५३
१२	असार	२६	४८९४३०
जम्मा			**५१७७५४६**

अनियमित भएको	५१,७७,५४६

८६ **शिर्षक फरक पारी खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस बर्ष नगरसभा बाट पास भएको बजेट खर्च शीर्षक अनुसार खर्च लेख्नुपर्नेमा बर्षान्तमा सभा तथा नगरकार्यपालिकाको निर्णय बिना देहाय बमोजिम खर्च शिर्षक फरक गरी देहायका खर्च लेखेको देखिएकोले पालिकाबाट भएको खर्चलाई नियमसम्मत नदेखिएको रू.

गो.भौ./मिति	लेखेको खर्च शिर्षक	खर्च	
४०-२०८१।६।२०	पारिश्रमिक कर्मचारी(२११११)	कार्यालय इन्धन (२२२१२)	
९७८-२०८१।१२।२६	दिवसियकार्यक्रम	बिमाकार्यक्रम	२८०००
१७८४-२०८२।३।२५	सवारी साधनमर्मत	फर्निचर	११००००
१७८८-२०८२।३।२५	जिल्लाअस्पताल डाईलोसिस सेवा	पानी तथाबिजुली	५०००००

अनियमित भएको	८,२८,२६६

८७ **जिल्ला दररेटभन्दा बढी भुक्तानी** - (५३६-2082-01-02):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न भए वा नभएको कार्यालयले यकिन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले जनतासँग मेयर कार्यक्रमबाट उपभोक्ता समितिले गर्ने निर्माण कार्यका लागि हंसवेयर एण्ड जेनरल स्टोर्सबाट ३३२ बोरा सिमेन्टको रु.२००,०००।- भुक्तानी भएको छ। संलग्न विलमा एक बोरा(५० के.जी.) को मुल्य रु.६२० रहेकोमा पालिकाले ६६३.७१ भुक्तानी

भएको छ । जसबाट प्रतिवोरा ४३.७१ बढी भुक्तानी भएको छ । जसबाट ३३२ बोरामा रु.१४५११ भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित स्टोर्सबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१४,५११

८८ **फरक दररेट -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। पालिकाले कृषि विकास कार्यक्रम अन्तर्गत धानको विउ कोटेशन मार्फत खरिद गर्दा पेश भएका दररेटको विवरण हेर्दा एउटै समयमा खरिद भएका एकै जातका धानको विउमा समेत दररेट फरक गरी खरिद भएको देखियो। कृषि शाखाबाट खरिद भएकोमा पहिले खरिद गरेको दररेट भन्दा बढी पेश हुँदा समेत दररेट फरक पर्नुको कारण यकिन नगरी रकम भुक्तानी भएको देखियो । अत एउटै प्रजातीको बिउ खरिद गर्दा किन फरक दररेटमा खरिद गरेको हो पालिकाले यस सम्बन्धमा यकिन गरी खरिद कार्य गर्ने कर्मचारीलाई समेत जिम्मेबार बनाउदै बढी भुक्तानी भएको रकम सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु.

कन्काइएग्रोभेट				**किसान एग्रोभेट**			**फरक दररेट**	**फरक रकम**
भौ.न.	१४५४			भौ.न.	१३५८			
विवरण	परिमाण	दर	रकम	परिमाण	दर	रकम		
राम धान	११०० के.जी.	९०	९९०००	१००० के.जी.	७०	७००००	२०	२२०००
सावा मन्सुलीसव-१	३००० के.जी.	९०	२७००००	३६० के.जी.	७५	२७०००	१५	४५०००
खरिद मिति	२०८२।३।४			२०८२।२।२३				
वडा नं.	५			३				
जम्मा			३६९०००			९७०००		६७०००

असुल गर्नुपर्ने	६७,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कटारी नगरपालिका, उदयपुर , कटारी नगरपालिका , उदयपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विनोद भट्टराई	२०८०-९-२२	२०८१-५-७
कार्यालय प्रमुख	राजमणि निरौला	२०८१-५-९	२०८२-२-१२
कार्यालय प्रमुख	राजन थापा	२०८२-२-१८	हाल सम्म कार्यरत
लेखा प्रमुख	माधव राज जोशी	२०८०-४-१	२०८१-६-१
लेखा प्रमुख	परेक बहादुर बुढा	२०८१-६-२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,०६३,४२४	१०,२९७,९३७	११,८०४,६०८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२४,१६५,९६९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	८,८८७,८२५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१५,२७८,१४४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३२८३७९०१.३६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५१७१४७४९३.०९	चालु खर्च	५९५९५०३७६.५३
प्रदेश सरकारबाट अनुदान	४२५९०००१	पूँजीगत खर्च	२११४९२९००.२८
राजश्व बाँडफाँट	२०१३८९१७६.५३	वित्तीय/अन्य व्यवस्था	२४२८२९३९.९
आन्तरिक आय	४१२४०१२८.९		
अन्य आय	१९९९५२७६.६८		
कुल आय	८२२३६२०७६.२०	कुल खर्च	८३१७२६२१६.७१
बाँकी मौज्दात		२३४७३७६०.८५	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।